



Downloaded from http://www.dhamma.digital

# समर्पण



**स्व दुर्गादास रंजित**

**जन्मः वि.सं. १९८८/८/२१ गते द्वादसी तिथी**

**दिवंगतः वि.सं. २०६४/९/३ गते नवमी तिथी**

Downloaded from http://www.dhamma.digital

# असल शिक्षा

भाग-३



- भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

**प्रकाशक**

**अरोज दास रंजित**

**टेकु, मचली. ४२५२३४४**

बुद्ध सं. २५५५

नेपाल सं. ११३२

ई. सं. २०११

बि.सं. २०६८

प्रकाशन २००० प्रति

मुद्रकः यूनिभर्सल प्रिन्ट कन्सर्न
क्षेत्रपाटी, काठमाडौं
४२५७३२८


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# मैले भन्नुपर्ने कुरा

यो मेरो मौलिक लेखहरुको संग्रह हो। हुनत सबै लेखहरु धर्मकीर्ति, आनन्द भूमि र अमृतोपदेश मासिक पत्रिकाहरुमा छापि सकेको हो तापनि ती पत्रिका नपढेकाहरुलाई विषय ताजा नै हुनुपर्छ भन्ने मेरो धारणा हो। प्रस्तुत पुस्तकको नाम असल शिक्षा भाग-३ हो। असल शिक्षा भाग-४ पनि पाठक समक्ष आउन पर्खिरहेछ। प्रस्तुत पुस्तकमा प्रसंगवश केही विषय दोहरिएको छ। त्यस्को लागि क्षमा प्रार्थी छु। आफैले लेखेको पत्रिकामा प्रकाशित भैसकेतापनि प्रुफ पढ्दै जाँदा खूब आनन्दको अनुभव भैरहेको छ, किनभने मैले चिताए झैं मानिस असल मान्छे बन्नको लागि उपयोगी हुने शिक्षाको कुरा प्रस्तुत पुस्तकमा समावेश गर्न सकेको छुं जस्तो लागेको छ र यो पुस्तक पढ्ने पाठकहरुको मनमा असल चेतना जागरण हुन्छ कि भन्ने आशा छ।

प्रस्तुत पुस्तकको नाम असल शिक्षा भाग ३ भनी राखि दिएँ। यस्तै अरुपनि पुस्तक छाप्ने विचार छ। यस पुस्तकको प्रकाशक स्व. दुर्गा दास रंजितको कान्छो छोरो अरोज दास रंजित हुनुहुन्छ। दुर्गादास रंजितको इच्छा थियो कि हरेक साल निरन्तर रुपमा बुद्धको रचनात्मक शिक्षा



Downloaded from http://www.dhamma.digital

भएको पुस्तक प्रकाशित होस् । यही आफ्नो बुबाको इच्छा साकार पार्न बुबाको पुण्य स्मृतिमा प्रस्तुत पुस्तक छाप्न लागेको हो । यो वहाँले दोस्रो पुस्तक छाप्न लागेको हो । यो कार्य सही श्राद्ध हो भन्नु पर्दा अत्युक्ति नहोला । अरोज दास कान्छो छोराको धर्म कार्य देखी आमा लक्ष्मीदेवी रंजित पनि अति नै खुशी छिन् । दिवंगत दुर्गादास रंजितको पुण्य स्मृतिमा उहाँको परिवारले प्रकाशित गर्नुभएको हो । यस पुण्यद्वारा. श्रीमती लक्ष्मी देवी रंजित प्रमुख सकल परिवारको दीर्घायु र सुस्वास्थ्य लाभ होस् भनी शुभ-कामना गर्दछु ।

पुस्तक राम्रोसंग छापिदिनु भएको र प्रुफ विहारसम्म पुऱ्याइ दिनु भएकोले युनिभर्सल प्रिन्ट कन्सर्न प्रेसका मालिक राजेश मानन्धर धन्यवादका पात्र हुन् ।

भिक्षु अश्वघोस,
संघाराम विहार ,ढल्को
फोन नं. ४२५९११०, ४२५५९६०

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चिर स्मरणीय व्यक्ति हुनुहुन्छ दुर्गादास रंजित

मसंग चिनाजानि भएका धेरै व्यक्तिहरु छन् र उनीहरुमध्ये दुर्गादास रंजित अति आत्मीय र ममता बलियो भएको व्यक्ति हुनुहुन्थ्यो । मेरो सम्बन्ध उहाँ सँग मात्र होइन उहाँको सारा परिवार सँग घनिष्ठ सम्बन्ध र आत्मीयता हुन पुग्यो । त्यसले गर्दा उहाँको घरमा जाँदा खेरि मामाको घरमा पुगेको जस्तो महसूस हुने गर्छ । उहाँले सारा परिवारलाई बुद्धले उपदेश दिनु भएको धर्मपथमा लगाइ दिनुभयो । सबै परिवार धर्मप्रति राम्रो श्रद्धालु हुन पुगे ।

दुर्गादास रंजितको इच्छा थियो बुद्धको शिक्षा सम्बन्ध पुस्तक छापेर बुद्धिजीविको हृदय परिवर्तन गर्न, त्यही अनुरुप उहाँले १२ वर्षसम्म प्रत्येक वर्ष धर्मको पुस्तक छाप्दै प्रचार गर्नु भयो । नारायणहिटी दरबार देखि सबै राजनीतिक पार्टीको कार्यालयसम्म धर्मको पुस्तक पुऱ्याइ दिनु हुन्थ्यो । उहाँको पुस्तक छाप्ने दृढ अधिस्थान देखेर म धेरै प्रभावित भएँ ।

उहाँ दिवंगत भइसकेपछि उहाँको कांछो छोरोले मलाई भन्नु भयो- भन्ते ! म बुबाको इच्छालाई पुरा गर्न प्रतिबद्ध छु । प्रत्येक वर्ष बुबाको इच्छा अनुसार बुद्धको शिक्षा सम्बन्धी पुस्तक प्रकाशन गर्नेछु । त्यही अनुरुप उहाँको कान्छो छोरो



Downloaded from http://www.dhamma.digital

श्री अरोजदास रंजितले आफ्नो बुबा मृत्यु भएको दोस्रो वर्षमा दास्रो पुस्तक असल शिक्षा भाग-२ छाप्दै छन्। यो उहाँको सही श्राद्धको काम हो भनी ठान्दछु, हो पनि उहाँ सुपुत्र हुनुहुन्छ। किन कि बुबाले देखाउनु भएको बाटोमा अनुशरण गर्दै हुन्छ। उहाँलाई साधुवाद मात्र होइन यस पुण्य क्रियाद्वारा उहाँको सबै परिवारको स्वास्थलाभ र जीवन उज्जवल होस्।

बुबाको शिक्षा अनुसार अरोजदास रंजितले यस असल शिक्षा प्रकाशन गर्नु भएकोले दुर्गादास रंजितको श्रीमती लक्ष्मीदेवी रंजित अति खुशी छिन् र कान्छो छोरोको जीवन सुखमय होस्, भविष्य उज्ज्वल होस् भनी आशीर्वाद दिनुहुन्छ।

प्रस्तुत पुस्तक अन्तर्गत कुराहरु धेरै जसो बनेपाबाट निस्कने काभ्रे टाइम्स साप्ताहिकमा र अरु पत्रपत्रिकामा छापिसकेको लेखहरुको संग्रह मात्र हो। स्वास्थ्य ठीक नभएकोले नयाँ नयाँ पुस्तक लेख्न असमर्थ छु।

अन्तमा अरोजदास रंजितलाई फेरि धन्यवाद दिन चाहन्छु।

भिक्षु अश्वघोष
संघाराम



Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| | |
|---|---|
| मैले भन्नुपर्ने कुरा | क |
| चिर स्मरणीय व्यक्ति हुनुहुन्छ, दुर्गादास रंजित | ग |
| अज्ञानी युवक बोध भयो | १ |
| बुद्धको विशेषता | ७ |
| बुद्धको शिक्षा दिने शैली | १० |
| अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ | १४ |
| ज्ञान प्राप्त गर्नुको अर्थ बोध हुनु हो | १७ |
| अष्टलोक धर्म | २० |
| धर्म र कर्तव्य | २४ |
| धर्म के हो ? | २८ |
| क्रोध नरहे हुन्छ शान्ति | ३० |
| बुद्ध र ज्ञानको कुरा | ३३ |
| धर्मले कर्म थप्छ | ३७ |
| अजात शत्रुको पश्चाताप | ४२ |
| कर्मफल बारे बुद्धको विचार | ४५ |
| शान्तिको लागि बुद्ध सन्देश | ४९ |


Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| चार प्रकारका मनिस | ५८ |
| अज्ञानी भिक्षुहरु बोध भए | ६१ |
| बुद्ध र उनको शान्ति शिक्षा | ६६ |
| बोधिचित्त | ७० |
| सम्यक वचन | ७३ |
| भव चक्रबाट मुक्त धर्मचक्र | ७७ |
| अंगुलिमालको कथा | ८१ |

Downloaded from http://www.dhamma.digital

# अज्ञानी युवक बोध भयो

बुद्धले प्रचार गर्नु भएको धर्मका गुणाहरु ६ वटा छन् । ती यी हुन् :-

१) बुद्धले राम्ररी अभ्यास र अनुभव गरिसकेपछि मात्र अरुलाई बताउनु भएको धर्म हो यो ।

२) यस धर्मलाई राम्ररी अभ्यास गरी व्यवहारमा प्रयोग गर्न सकेको खण्डमा यही जन्ममा फल पाउने सकिनेछ र यसको प्रभाव देख्न सकिनेछ । मरिसकेपछि फल चाख्न पाइएला कि भनी पर्खन पर्दैन ।

३) फल पाउनको लागि धेरै समय पर्खन पर्दैन । यथासिघ्र प्रतिफल पाइनेछ ।

४) सबैलाई यहाँ आई हेर र अनुभव गर भनी देखाउन सकिने धर्म हो यो । त्यसैले यो धर्म सार्वजनीक धर्म हो ।

५) दुःख मुक्ति मार्गमा लाने धर्म हो यो ।

६) बुद्धिमान व्यक्ति आफैले अभ्यास गरी बुझ्नुपर्ने धर्म हो यो ।

"उपरोक्त ६ वटा धर्मगुणहरु मध्ये पच्चत्तं वेदितब्बो विञ्ञूहीति "अर्थात् विद्वान्वर्ग आफैले विचार र मनन गरी बुझ्नुपर्ने धर्म हो भन्ने विषयमा हामीले ध्यान दिन आवश्यक



Downloaded from http://www.dhamma.digital

छ। हुनत हामीलाई धर्म बुझाइदिने र ठीक मार्ग देखाइदिने गुरु वा कल्याणमित्र त चाहिन्छ नै। तैपनि आफैले धर्मलाई महशुस गरी अनुभव गर्न नसकेसम्म कोही पनि व्यक्ति सुध्रिन सक्दैन। कसैले कसैलाई सुधार्न कदापि सक्दैन। आफैले आफ्नो गलतीहरुलाई स्वीकार्न नसकेसम्म उ बोध हुन सक्दैन। अर्को अर्थमा भन्ने हो भने म अज्ञानी रहेछु भनी आफ्नो अज्ञानतालाई आफैले महशूस गर्न सकेपछि मात्र अज्ञानी व्यक्ति असल मानिस बन्न सक्नेछ। यो कुरोलाई बुझ्नको लागि बुद्धकालीन एक अज्ञानी युवकको घटनात्मक कथा यहाँ प्रस्तुत गर्दैछु।

वक्कलि नाम गरेको युवक एकजना साहुका छोरा थिए। संयोगवस एकदिन बाटोमा बुद्धसँग उसको जम्का भेट भएछ। बुद्धको सुन्दर रुप देखेर उ ज्यादै प्रभाविन्न र मोहित हुन पुगेछ।

संसारमा विभिन्न कारणले मोहित र प्रभावित बन्ने चार प्रकारका व्यक्तिहरु छन्। ती यसरी छन्-

१) कसैको सुन्दर रुप देखी मोहित बन्ने व्यक्ति
२) कसैको सुमधुर स्वर सुनी मोहित बन्ने व्यक्ति
३) कसैको सादा जीवन देखी मोहित बन्ने व्यक्ति
४) कसैको धार्मिक आचरणंबाट मोहित बन्ने व्यक्ति

यी चारै विशेष लक्षणाहरु बुद्धमा विद्यमान रहेको थियो। गौतम बुद्धको अति सौम्य अनुहार, मधुर स्वर, सादा जीवन र उहाँको धार्मिक आचरण देखी मानिसहरु प्रभावित र आशक्त हुने गर्थे।

वास्तवमा उहाँको धार्मिक आचरणले. प्रभावित भए



Downloaded from http://www.dhamma.digital

जस्तै आफूले पनि केही अंशमा भएपनि धार्मिक जीवन जिउने आदर्श लिनुपर्ने हो । आफ्नो आचरणमा संलग्न कमी कमजोरीहरुलाई हटाई असल आचरणको अभ्यास गर्न सक्नुपर्ने हो ।

धेरै जसो व्यक्तिहरु उहाँप्रति श्रद्धा पोख्दै यसरी पूजा र सम्मान गर्ने गर्छन् -

"पूजेमि बुद्धं कुसुमेन नेन पुञ्ञेन मेतेन च होतु मोक्खं ।
पुप्फं मिलायाति यथा इदम्मे कायो तथा याति विनासभावं ॥

अर्थात्-

मैले बुद्धलाई श्रद्धापूर्वक यस फूलले पूजा गर्नुको अर्थ नै दुःखबाट मुक्त हुनको लागि र जसरी यो फूल अपरान्ह पछि ओइलिएर जानेछ, यसरी नै मेरो यो शरीर परिवर्तनशील भएकोले यो अनित्य हुँदै गइरहेको सत्य तथ्य स्वभाव धर्मलाई देख्न र बुझ्न सक्नुको लागि हो ।

तर युवक वक्कलि अनित्य स्वभावधर्मलाई बुझ्ने उद्देश्यले भिक्षु बनेको रहेनछ । उसलाई आफ्नो चित्त शुद्ध पार्नुपर्ने विषयमा पनि ध्यान गएको रहेनछ । उसले त केवल बुद्धको सुन्दर रुप एकोहोरिएर नियालिरहन पाउने आशाले मात्र भिक्षुत्व ग्रहण गरेको रहेछ । त्यसैले उसले गौतम बुद्ध समक्ष सालिक जस्तै हलचल नगरी बस्ने र बुद्धको अनुहार नियालिरहने गर्न थाल्यो । त्यति मात्र होइन उसले कहिले बुद्धको नजिकै बस्ने त कहिले दायाँ र बाँया बसी जहाँ बस्दा बुद्धलाई राम्ररी देख्न सकिन्छ त्यहाँ बसी टोलाउँदै बुद्धको अनुहार हेरिरहने गर्न थाल्यो । उसको यो अनौठो व्यवहारले वरपर बस्ने बुद्धको उपदेश सुनिरहेका श्रोतालाई अप्ठ्यारो



Downloaded from http://www.dhamma.digital

पर्न गयो। यसरी भिक्षु वक्कलिले आफ्नो आचरणतर्फ ध्यान दिन नसकेको कारणाले राम्ररी ज्ञान हासिल गर्न सकेन।

उसको यस्तो मूर्खतापूर्ण व्यवहारलाई दृष्टिगत गर्नुहुँदै गौतम बुद्धले विचार गर्नु भयो - "यो युवक त ज्यादै अज्ञानी रहेछ। यसलाई होश दिन पर्‍यो र अर्ति दिनु पर्‍यो।"

यति विचार गर्नुहुँदै गौतम बुद्धले भिक्षु वक्कलिलाई सम्बोधन गर्नुहुँदै भन्नुभयो -

"ए वक्कलि! यो मेरो शरीर भित्र त मलमुत्रले भरिएको छ। म मरेपछि यो शरीर कुहिएर जानेछ। कुहिएर जाने मेरो यो शरीरलाई नियाल्दै मोहित बनिरहनुमा के फाइदा छ तिमीलाई? मलाई सही अर्थमा देख्ने इच्छा छ भने तिमीले धर्म अनुसार आफ्नो आचरण शुद्ध पार्ने अभ्यास गर किनभने जसले धर्मलाई देख्न सक्छ उसले मात्र मलाई देख्न सक्नेछ।

"यो धम्मं पस्सति सो मं पस्सति"

"इमाय धम्मानु धम्म पटिपत्तिया बुद्धं पुजेमि, धम्मं पूजेमि, सङ्गं पूजेमि॥"

यसरी धर्म आचरणद्वारा बुद्ध, धर्म र सङ्गलाई पूजा गर्ने अभ्यास गर्नु। धर्मआचरण नगरिकन यहाँ के गरिरहेका छौ तिमी? जाउ बाहिर, यहाँ नबस।

बुद्धले यसरी गालि गर्नु भएपछि अज्ञानी भिक्षु वक्कलि झसङ्ग बिउँझिए जस्तै खँग्रङ्ग हुन पुग्यो। अनायास उसको शरीरमा तातो पानीले खनाइएको जस्तो असजिलो अनुभव गर्‍यो उसले। उसको मगजमा भुइँचालो जान थाल्यो।



Downloaded from http://www.dhamma.digital

उसले सोच्न थाल्यो- "म त बुद्धको सुन्दर अनुहार दर्शन गरिरहनको लागि मात्र भिक्षु बनेको । उहाँ समक्ष नै बस्न नपाउने हो भने म किन बाँचिरहनु ? अब मैले बाँचिरहनुको कुनै अर्थ नै रहेन नि । मर्न जानेछु अब म ।

यति विचार गरी उसले एउटा रुखमुनि गएर आत्महत्या गर्ने प्रयत्न गर्न थाल्यो । तर यो खबर बुद्ध समक्ष पुगेछ । फलस्वरुप बुद्ध स्वयं भिक्षु वक्कलि कहाँ पुग्नु भयो । उहाले मूर्ख भिक्षु वक्कलि प्रति मैत्रीभाव राख्नुहुदै उसको शरीरमा हातले सुम्मुम्याउँनुहुँदै भन्नुभयो

ए वक्कलि तिमी त कति अज्ञानी रहेछौ । चतुआर्य सत्यमा उल्लेखित दुःख छ, दुःखको कारण अज्ञानता र आशक्ति हो भन्ने कुरालाई बुझ्ने प्रयास नगर्नु । यही अज्ञानता र आशक्तिपनाको कारणले तिमीलाई दुःख भइरहेको छ । यसरी बुद्धले भिक्षु वक्कलिलाई प्रतित्य समुत्पाद (कारण कार्य) को विषयमा सरल ढंगले व्याख्या गर्नुभयो । इमस्मिं सति इदं होति यसको कारणले यो भयो, इमस्स उप्पादा इदं उप्पज्जति यसको उत्पन्न भएको कारणले यसको उत्पन्न भयो आदि आदि ।

बुद्धको उपदेश सुनिसकेपछि वक्कलिको आँखा उघ्रिएको जस्तै हुन थाल्यो । विस्तारै उसले आफ्नो मूर्खताको आभास पाउन थाल्यो । आफ्नो भूल स्वीकार्दै अज्ञानता हटाउन सफल हुन थाल्यो उ । बोध हुन सफल हुँदै उसले विचार गर्न थाल्यो ।

बुद्धले मलाई मन नपराएको त रहेनछ नि । म ज्यादै अज्ञानी भएको रहेछु । मैले धर्मको सही अर्थ बुझ्न नसकिरहेको



Downloaded from http://www.dhamma.digital

रहेछ। बुद्धले दिनु भएको सही ज्ञान बुझ्न नसकेको कारणले म अबोध मूर्ख बन्न पुगेको रहेछु।

यसरी भिक्षु वक्कलिको हृदय परिवर्तन हुन थाल्यो। त्रिपश्यना ध्यान अभ्यास गर्दै अन्तर्मुखी भएर उसले आफुलाई चिन्ने कोशिस गर्दा गर्दै आफुमा रहेका कुसंस्कार, विकार आदि सबै फाल्न सफल भए। अर्को अर्थमा भन्ने हो भने उसले आफुमा रहेका खराब बानी व्यवहारहरु फाली शुद्ध चित्त सहितको मुक्त व्यक्ति अरहन्त र निर्दोश व्यक्ति बन्न सक्यो।

यसरी एक मूर्ख अज्ञानी व्यक्तिले बुद्धको सही शिक्षा अनुमोदन गर्नसकेको कारणले बोध भई असल मानिस बन्न सफल भयो।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धको विशेषता

अन्य धर्मप्रवर्तक र धर्ममा नभएको विशेषताहरु बुद्ध र उहाँले दिनुभएको उपदेशमा देखिन्छ। बुद्धले भन्नुभएको तपस्याको आत्म कथा अनुसार सिद्धार्थ कुमार हुँदा शान्तिको मार्ग पत्ता लगाउन ६ वर्षसम्म अनुसन्धान गर्नुभयो। तत्कालीन ६२ प्रकारका मिथ्यादृष्टि (अन्धविश्वास) लाई यथार्थ रुपमा अनुभव गर्नुभयो र ती सबै प्रकारका मिथ्यादृष्टिद्वारा शान्ति प्राप्त गर्न नसक्ने भनी निष्कर्ष निकाल्नुभयो। यो कुरा दीघनिकायको ब्रह्मजाल सूत्रले उल्लेख गरेको छ।

चन्दनको रुखलाई जति गहिरोसम्म काट्दै जान्छ त्यति त्यति नै सुगन्ध प्रवाहित हुन्छ। त्यस्तै बुद्धको जीवन अध्ययन गर्दै जाँदा पनि झन् झन् सम्पूर्ण ज्ञानको कुरा प्राप्त हुनेगर्छ।

६ वर्षसम्मको अनुसन्धानपछि बुद्धगयामा पिपल रुखमुनि बसेर विपश्यना ध्यानद्वारा पत्ता लगाउनुभयो- संसारमा दुःख छ, दुःखको कारण छ, दुःखको अन्त हुन सक्छ, दुःखको अन्त हुने आर्य अष्टाङ्गिक मध्यम मार्ग छ र यसको व्याख्या गर्नुभयो- कुनै चीजमा धेरै आसक्त नहुनु, मतलब मात्रा ठीक हुनुपर्ने। जीवन सुविधामुखी र दुःखी जीवनबाट मुक्त हुनसके जीवन सुखी हुनसक्छ।

उहाँको नौलो काम हो आफूले प्राप्त गरेको धर्मको



Downloaded from http://www.dhamma.digital

ज्ञान प्रचारको लागि सारनाथमा धनाढ्य उच्चस्तरीय युवावर्गलाई संगठन गरी त्यागी बनाइ संघ गठन गर्नुभयो। शुद्ध त्याग भावना हुनुपर्ने दृष्टि (समझदारी) सही हुनुपर्ने आदि नवगठित संघलाई तालिम दिएर बहुजन हित, बहुजन सुख धर्म प्रचारार्थ गाउँगाउँमा, नगर नगरमा पठाउनुभयो।

अज्ञानीहरुलाई दुःखबाट मुक्त गर्ने उद्देश्य लिएर दरवार त्यागे पनि बुद्धत्व प्राप्त पछि कसैको पनि दुःबाट मुक्तगर्ने जिम्मा लिनु भएन, बरु दुःखबाट मुक्तहुने मार्ग प्रदर्शक मात्र बन्नुभयो। शुद्ध र अशुद्ध हुनु आफ्नै हातमा छ।

आफ्नो मालिक आफै हो अत्ताहि अत्तनोनाथो भन्नुभयो। दुःखबाट मुक्त हुनको लागि आफैले प्रयत्न गर्नुपर्ने, आफूलाई आफैले चिन्नुपर्ने मतलब अन्तर्मुखी हुनुपर्ने, बहिर्मुखी हुनुभएन।

अर्को बुद्धवचन चिरस्मरणीय सबै पाप नगर्नु, पुण्य मात्र गरेर पुग्दैन चित्त शुद्ध हुनुपर्ने। अनि मात्र दुःखबाट मुक्त हुन सक्ने छ। चित्त शुद्धि विना शान्ति असम्भव छ। बुद्धभन्नुहुन्छ- मानिसहरु धेरै अज्ञानीहरु रहेछन्। जीवन मुक्त हुनको लागि प्राणीहिंसा गरेर बलि दिने गर्छन्। धर्मको नाउँमा हिंसा गरेर धर्म हुँदैन। पाप हुन्छ।

बुद्ध भन्नहुन्छ न जच्चा वसलो होति न जच्चा होति ब्राहमणो, जन्मले कोही पनि नीच र उच्च हुँदैन। जाति अभिमानले गर्दा धर्मलाई कुबाटोमा लगाइदियो। जातले मानिसमा अहंकार बढाउँछ।

बुद्धभन्नुहुन्छ कुनै कुरा पुस्तकमा लेखेको छ भन्दैमा विना बुझी, विचार नगरेर स्वीकार गर्नुहुन्न। कुनैपनि



Downloaded from http://www.dhamma.digital

विद्वानले बुद्धले भनेको भनी एकैचोटी विश्वास गर्नुहुन्न। (अंगुत्तरस निकाय) मतलब पुस्तकलाई प्रमाणिक नमान्नु। बुद्धभन्नुहुन्छ आत्मालाई नित्य मान्नुहुन्न। आत्मा मान्दाखेरी अहंकार बढ्छ। अरु धेरै धर्मले आत्मालाई नित्य मान्छन्। बद्ध भन्नुहुन्छ, भिक्षुहरु। अरुले बुद्ध, धर्म र संघको प्रशंसा र वर्णन गर्दा यदि तिमीहरु खुशी भयौ भने यसबाट तिमीहरुको हानि हुन्छ।

त्यस्तै अरुले बुद्ध, धर्म र संघको निन्दागरे पनि त्यहाँ तिमीहरुले क्रोध र असन्तोष भई नकरात्मक प्रतिक्रिया गर्नु हुन्न। यसोभयो भने यसबाट तिमीहरुको हानि हुन्छ। (ब्रहमजाल सूत्र )

बुद्ध भन्नुहुन्छ अरुले नराम्रो कुरा र नराम्रो काम गरिरहेको देख्दा उसप्रति क्रोध नगरी त्यस्ता कुरा र काम आफूले गरेको छ कि छैन एकचोटी विचार गर्नु बेस छ। (धम्मपद)

बुद्ध भन्नुहुन्छ भिक्षुहरु। तिमीहरुलाई मैले भने को कुरा अप्ठयारो लाग्छ भने म सुधार गर्नेछु। (संयुक्त निकाय) उपयुक्त कुराहरु बुद्धका विशेषताहरु हुन्।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा दिने शैली

धेरैजसो मानिसहरुको विचार र धारणा यो छ कि बाहिरी संयमपनि मुख्य धर्ममध्ये एक हो । त्यसैले कसै कसैले मासु खाँदैनन्, कसैले प्याज खाँदैनन्, कसैले धुम्रपान गर्दैनन् । मानिसहरुको यस्तो विचारले गर्दा बुद्धले विवश भएर भिक्षुहरुलाई धेरैजसो स-साना नियम, उपनियमहरु जस्तो कि घाँस उखेल्नु, फूल टिप्नु, पानी नछानी नखानु, वर्षाकालमा तीन महिनासम्म एउटै स्थानमा बस्नु इत्यादि नियमहर बनाउनुभएको हो । बाहिरी संयमपनि आवश्यक छ । तर वास्तबमा चहिएको संयम त अध्यात्मिक हो । अर्थात् मनलाई वशमा राख्नु हो । उदाहरणको लागि एउटा बुद्धकालिन घटना प्रस्तुत गर्दछु ।

गौतम बुद्धले ज्ञान प्राप्त गरिसकेपछि आफ्नो अनुभवको प्रचार गर्नुभयो । उहाँको नयाँ अनुभवको कुराले धेरै मानिसहरु प्रभावित भए । बुद्धको अनुशरण गर्नेहरुको संख्या बढ्दै गयो । भिक्षु संघको संख्यापनि दिनप्रतिदिन बढ्न थाल्यो ।

एक दिनको कुरो हो, एकजना श्रद्धालु एक भिक्षुको उपदेश सुनो संसारदेखि विरक्तिए । उनले विचार गरे घरमा बसेर कहिल्यै पनि दुःखबाट मुक्त हुन सकिदैन । नाना प्रकारका झमेलाहरु छन् । भिक्षु नै बन्न बेश हुन्छ ।



Downloaded from http://www.dhamma.digital

केही दिनपछि ती श्रद्धालु एक भिक्षु संघको सदस्य बने। भिक्षु बनिसकेपछि नियम र शिक्षा सिक्नुपर्यो। एक जना भिक्षुले जिम्मा लिइ उनलाई नियम सिकाउन शुरु गरे। बेसमयमा मात्र होइन, राती खानुहुन्न, पैसा, सुनचाँदी छुँनुहुन्न, बाटो हिड्दा यताउति हेर्नुहुन्न, नदिएको वस्तु लिनुहुन्न, फलपात टिप्नु हुन्न इत्यादि यो गर्नुहुन्न, त्यो गर्नुहुन्न भन्ने मात्र सिकाए। किन हुन्न, किन यस्तो नियम बनाएको, किन नियम पालना गर्नुपरेको यसको व्याख्या भने गरिदिएनन्, न त सम्झाउने कोशिश नै गरे।

यी विनय नियमहरु सिकिसकेपछि उनी दुबै हात टाउकोमा राखी कराउन थाले दुःखबाट मुक्त हुनका निमित्त भिक्षु बनेको त आपत पो पर्यो। यत्तिका नियम कसरी पालना गर्न सक्ने ? पाइलो उचाल्ने वित्तिकै आपत्ति संघादिसेस (दोष) हुन्छ । बढीमात्रामा पाप मात्र बोकिने पो भयो। बन्धनमा फसें। यो भिक्षु जीवन भन्दा त गृहस्थी जीवन नै उत्तम हो। गृहस्थाश्रममा बसेर नै सजिलोसित दुःखबाट मुक्त हुन सकिन्छ। ब्रह्मचर्या पालना गर्नु पनि नपर्ने । दान आदि दिएर कर्तव्य पालना गर्नसके भइहाल्यो, छि ! मलाई यो चीवर (पहेलो वस्त्र) मनै पर्दैन। गृहस्थाश्रम मै जान्छु भनी चीवर छोडी घर जान तयार भए। भिक्षुहरुले उनलाई समातेर गौतमबुद्ध कहाँ लगे। बुद्धले यो तमासा देखेर सोध्नुभयो यो भिक्षुलाई जवर्जस्ती किन यहाँ ल्याएको? के भयो ? भन्ते (हजुर), कुरा के भने यो मानिस हालैमात्र भिक्षु बन्नु आएको हो। विनय नियम धेरै देखेर भिक्षु जीवनदेखि वाक्क भएर भनुँ या डराएर, घर जानलाई तयार



Downloaded from http://www.dhamma.digital

भएको छ भनी भिक्षुहरुले जम्मै कुरा सुनाए ।

गौतम बुद्धले त्यो विरक्त भएको भिक्षुलाई आफ्नो नजिक बोलाएर टाउकोमा हात राखी सम्झाउनु भयो, सान्त्वना दिनुभयो तिमीलाई विनय नियम (अनुशासन) गाह्रो भयो ? हेर, नियम मानिसले बनाएको हो । नियमदेखि डराउनु पर्दैन । नियम पालना गर्न नसक्ने भए त्यो नियमतिर वास्ता नगर, चिन्ता नगर । म एउटा मात्र नियमको कुरा भन्छु । तिमी एउटा नियम पालन गर्न सक्छौं होला नि ? एउटा नियम त किन पालन गर्न नसक्ने । भन्नुहोस् त्यो नियम के हो ? ती भिक्षुले सोधे ।

हेर तिंमी विना काममा चुपचाप बस्दा खेरि मनमा नाना प्रकारका कल्पनाहरु आउँछन् । धेरैजसो जीवन सुखपुर्वक वा मोजमज्जा गरौं, त्यसको लागि द्वेष भावना आएर बदला लिने कल्पना आउँछ, ईर्ष्या जागेर आउँछ । पालि साहित्यको भाषामा भनौं काम वितर्क (मोजमज्जाका कल्पना), व्यापाद वितर्क (क्रोध आउने कल्पना) विहिंसा वितर्क (बदला लिने कल्पना) मा मग्न हुनसक्छ । यस्ता खालका नचाहिने खराब कल्पना मनमा आउने वित्तिकै यसलाई दबाउने कोशिश गर । यति गर्न सक्छौ कि सक्दैनौं ? वर्तमान क्षणलाई ध्यानमा राखी सजग, सावधान भई बस्ने कोशिश गर । एउटा मात्र नियम भए किन पालना गर्न नसक्ने । खराब कल्पना आउने वित्तिकै होश राखी मनलाई आफ्नो अधिनमा राख्ने त हो नि, त्यति त गर्न सक्छु भनि फूर्तिका साथ बुद्धलाई भने ।

त्यसो भए विनय नियमलाई छाडी देऊ । भनेर



Downloaded from http://www.dhamma.digital

बुद्धले भन्नुभयो ।

यति बुद्धको आश्वासन सुने पछि ती निरास र हतास भएका भिक्षु सन्तोष तथा हर्षले गद्‌गद् भई बुद्धलाई नमस्कार गरेर आफ्नो ठाउँमा गए ।

त्यसपछि ती भिक्षु वर्तमान क्षणलाई महत्व दिन थाले । मनमा आउने कल्पनालाई खुब ध्यानपूर्वक सतर्क भई केलाउन थाले । नराम्रो कल्पना आउने वित्तिकै त्यसलाई दबाउन थाले । काम नलाग्ने विचार आयो भनेर विवेक बुद्धिले महसूस गरे । फलस्वरुप छिट्टै ती भिक्षु निश्चल मन भएको अरहत (शुद्ध व्यक्ति) भए । जीवन दुःखबाट मुक्त भयो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ

कतिपय पाठकहरुले प्रश्न सोधेका छन्- के सधैं सबै ठाउँमा सहेरै बस्नुपर्छ भन्ने शिक्षा बुद्ध धर्मले दिन्छ ? बुद्धको शिक्षाअनुसार अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ। सबै ठाउँमा सहेरै बस्नु त झन् धर्म भएन र व्यावहारिक पक्ष पनि भएन। बौद्ध साहित्यमा छलकपट गर्नेलाई छलकपटकै जवाफ दिनुपर्छ भनिएको पाइन्छ। उदाहरणार्थ जातक कथामा आधारित एउटा घटना प्रस्तुत गर्छु।

धेरै पहिलेको कुरा हो वाराणसी देशमा ब्रहमदत्त राजाको पालामा बोधिसत्व एक व्यापारी कुलमा जन्मे। उनको पण्डित नाम राखियो। जब उनी जवानीको अवस्थामा पुगे: उनले अतिपण्डितको नामको साथीसँग मिलेर साझा व्यापार सुरु गरे। यसै क्रममा उनीहरु अलि टाढाको सहरमा गई पैसा कमाएर ल्याए।

अतिपण्डितले जम्मै पैसा आफ्नो हातमा पार्ने योजना बनायो। उसले पण्डित साथीलाई सुझाव दियो- हाम्रा छिमेकी र नाता कुटुम्बहरु राम्रो नियतका छैनन्। त्यसैले यही जंगलको एउटा ठाउँमा धन गाडेर जाऊँ न हुन्न ? पण्डित बोधिसत्व सोझो मान्छे, छक्का- पञ्जा केही थाहा नभएको हुँदा साथीको सुझावमा सहमत भए।

केही दिनपछि अतिपण्डितले खुरुक्क गाडिराखेको धन उठाएर ल्यायो। आफ्नो बुबालाई पनि सिकाइदियो- हामी दुई जनाबीच



Downloaded from http://www.dhamma.digital

पैसाको बारेमा झगडा हुनेछ । त्यसपछि हामी दुबै फलाना ठाउँको रुखमा न्यायको लागि प्रार्थना गर्न आउनेछौ । अनि बुबाले नक्कली देवता बनी खोक्रो रुखभित्र बसिरहनु । मुद्दा ल्याउँदाखेरि गाडिराखेको धन पण्डितले नै लिएको हो भनिदिनुपर्‍यो ।

अतिपण्डितले पण्डितलाई भन्यो- पैसाको खाँचो छ । जाऊँ पैसा लिन । दुबै गएर खन्न थाले । तर, पैसा त हुने कुरै भएन । अतिपण्डितले उल्टै पण्डितलाई पैसा निकालेर लगेको आरोप लगायो ।

पण्डित बोधिसत्वले भने- नचाहिने झूटो आरोप नलगाऊ । मैले पैसा लिएको छैन । चोरको स्वर झन् ठूलो हुन्छ भने जस्तै अतिपण्डित झन् ठूलो स्वरले कराएर झगडा गर्न खोज्यो । अन्त्यमा त्यही नक्कली देवता भएको रुखमुनि दुबै पुगे र अतिपण्डितले हात जोडी आँखा बन्द गरी प्रार्थना गर्न थाल्यो- हे न्यायप्रेमी वृक्षदेवता । हामी दुई जनामा को चोर हो भनी दिनुपर्‍यो, न्याय दिनुपर्‍यो ।

नक्कली देवताले खूब नरम स्वरले भन्न थाल्यो- “पण्डित नै चोर हो, उसैले पैसा चोरेको हो ।” आज़भोलि त प्रहरीका हाकिमहरु, डाक्टरहरु र साधुहरु नक्कली हुन्छन् भन्ने सुनिन्छ । अहिले चाहिं देवता पनि नक्कली हुँदा रहेछन् ।

देवताको अन्यायपूर्ण निर्णय सुनेर बोधिसत्व पण्डितले विचार गरे- यो पक्कै पनि नक्कली देवता हुनुपर्छ । उनले देउता नक्कली हो कि सक्कली हो, परीक्षा लिनुपर्‍यो भनी सुख्खा झारपात र पराल जम्मा गरी रुखमुनि चारैतिर राखी



Downloaded from http://www.dhamma.digital

आगो लागाइदियो । नक्कली देवतालाई त आगोले पोल्नथाल्यो । ज्यान बचाउनको लागि बाहिर निस्केर भन्न थाल्यो- मेरो छोरा अतिपण्डित नै चोर हो । अनि पण्डित बोधिसत्वले आधाआधि धन बाँडेर लिए ।

यस घटनाबाट के शिक्षा लिनुपर्छ भने बोधिसत्व पण्डितले आफ्नो साथी ठग अतिपण्डितप्रति दया देखाई सहेर बसेनन् । संघर्ष गरेर आफ्नो अधिकारको आधाआधि पैसा लिएरै छाडे । हुन त बोधिसत्वले सहनुपर्ने र त्याग गर्नुपर्ने, त्यसो गरेनन् ।

हाम्रो देशमा साझा र संस्थानहरुमा पनि इमानदारिता नभएकोले जति आम्दानी भए पनि तिनीहरुमा घाटामात्र देखाइन्छ । यस्तो कुरा सहेर बस्नु राष्ट्रको निम्ति हितकर हुँदैन ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ज्ञान प्राप्त गर्नुको अर्थ बोध हुनु हो

अज्ञानी रहुन्जेलसम्म बोध हुनु गाऱ्हो हुन्छ । सिक्नु, सुन्नु अर्कै कुरा हो, बुझ्नु अर्कै कुरा हो । बुझेर व्यवहारमा उतार्नु अर्कै कुरा हो । ज्ञानको कुरा सुनेर हृदय परिवर्तन हुनुलाई बोध हुनु भनिन्छ । यस कुरा बुझ्नलाई यहाँ बुद्धकालीन एक घटना प्रस्तुत गर्दछु ।

एकदिन पूर्णिका नामक दासी केटी बिहानै उठेर पानी लिन खोलामा गइन् । त्यहाँ एकजना ब्राह्मण जाडो महिनामा थरथर काप्दै, स्यू स्यू कराउदै पानीमा डुबुल्की लगाउँदै नुहाउँदै थियो । पूर्णिका दासीले त्यस ब्राह्मणासंग सोधिन्- ब्राह्मण बाजे, म त दासी हुँ, अनाथपिण्डिक महाजनको । साहुज्यूले गाली गर्ला भनेर बिहानै उठेर जाडो नभनिकन पानी लिन आउँछु । तपाई कसको डरले यस्तो जाडोमा नुहाइरहनुभएको ? ब्राह्मणले भन्यो- कसैको डरले पनि होइन । कोसँग डराउनु छ र ? पापबाट मुक्त हुन पो नुहाउन आएको हुँ । नुहाउँदा पाप पखालेर जान्छ । त्यो कुरा सुनेर पूर्णिका दासीले भनिन्- ब्राह्मण बाजे, नुहाएर पाप पखालेर जाने हो भने पानीले पुण्य पनि पखालेर लैजान्छ नि । पानीमा नुहाएर पाप कट्ने हो भने यो नदीमा सधैं बाँचिरहने, बस्ने माछा, सर्प, भ्यागुता, गोही आदी जलचरहरु धेरै पवित्र हुनुपर्छ । तपाई भन्दा तिनीहरु धेरै धर्मात्मा हुनुपर्छ । बाजे, नुहाएर पाप कट्दैन । चित्त शुद्ध हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

अरुलाई दु:ख दिने काम गर्नु भएन। मन शुद्ध गर्न सकिएमा मात्र पाप लाग्दैन। चित्त शुद्ध भएको व्यक्तिले अरुलाई अप्ठ्यारो हुने काम गर्दैन। उसलाई धर्म लाग्छ। चित्त शुद्ध नभएको व्यक्ति नुहाउँदैमा पाप कट्दैन।

पूर्णिका दासीको कुरा सुनेर ब्राह्मणलाई अचम्म लाग्यो। यो अशिक्षित दासीले कस्तो नौलो कुरा सुनाइन्। चित्त शुद्ध हुनुपर्छ रे। चित्त शुद्ध भएमा पुण्य लाग्छ रे। पाप कटेर जान्छ रे। आज नौलो कुरा सुनाइन् भनी विचार गरेरै ब्राह्मणले सोधे. दासीसँग- ए केटी, तिमीले यस्तो कुरा कहाँबाट जानेको ?

उनीले भनिन्- हाम्रो साहुजी अनाथपिण्डिकको घरमा समय समयमा भगवान् बुद्ध आउनुहुन्छ। उहाँ उपदेश दिनुहुन्छ। उपदेश दिनुहुँदा उहाँले धेरैजसो भन्नुहुन्छ, चित्त शुछ हुनुपर्छ। अनिमात्र धर्म लाग्छ। खुब मेहनत गरेर कमाउनुपर्छ। काखीमुनिबाठ पसिना बग्ने गरी इमान्दारी साथ मेहनत गर्नुपर्छ। आफ्नो मेहनतको फल ठूलो हुन्छ। "ए भगवान् बुद्धबाट सिकेको शिक्षा हो यो? यो त साऱ्है राम्रो कुरा हो। हाम्रो गुरुहरुले र अन्य ब्राह्मणहरुले भगवान् बुद्धकहाँ जानु हुँदैन, बुद्धको कुरा सुन्नु हुँदैन, सुनेमा मायाजालमा फसाइदिन्छ। दान दिनुपर्छ र दान दिनेमात्र कुरा गर्नुहुन्छ भनेको होइन रहेछ। चित्त शुद्ध हुनुपर्छ भनेको त ठूलो कुरा हो। ममा त्यस्तो ज्ञान रहेनछ। म पनि बुद्धकहाँजान चाहन्छु। तिमीले मलाई भगवान् बुद्धकहाँलैजान सक्छौ ? भनी ब्राह्मणले सोधे।

लैजान सक्छु, आउनोस् भनेर पूर्णिकाले ब्राह्मणलाई भगवान् बुद्धकहाँ पुऱ्याइदिइन्। ब्राह्मणले दासीको कुरा सबै



Downloaded from http://www.dhamma.digital

सुनाए भगवान बुद्धलाई । म अति प्रसन्न भएर यहाँ आएको हुँ । पापबाट मुक्त हुनको लागि चित्त शुद्ध हुनुपर्छ रे, हो शास्ता ? भनी प्रश्न गरे । हो, चित्त शुद्ध हुनुपर्छ, कुरा गर्दा झुठो बोल्नु हुँदैन, चुक्ली बोल्नु हुँदैन । चक्कुले ढसिदिनेझैं कडा वचन बोल्नु हुँदैन । कसैलाई काम नलाग्ने अनर्थक कुरा गर्नु हुँदैन । शरीरले पनि अरुलाई अहित हुने काम गर्नु हुँदैन । अरुले नदिएसम्म कुनै बस्तु लिनु पनि हुँदैन । पुण्यकर्म गर्दा त्यसको ठूलो फल पाइन्छ भनेर आशा पनि गर्नु हुँदैन । पुण्य कर्म गर्दा, दान दिंदाखेरि अरुलाई उपकार होस् भनेर दान दिनुपर्छ । दान दिंदाखेरि लोभ लालच हराएर जान्छ । दान दिएर स्वर्ग प्राप्ति हुन्छ भनेर पनि आशा गर्नु हुँदैन । दान दिनु भनेको त्याग चेतनाको कुरा हो । दान दिएर अरु पाउने आशाा गर्नु त पैसा सापटी दिएर ब्याज पाउने झैं हो । त्यसैले चित्त शुद्ध हुनुपर्छ । चित्त शुद्ध गरी गरिएको कर्मको फल ठूलो हुन्छ । चित्त शुद्धले आनन्द पाउँछ । धेरै नै निष्कलंकको शान्तिको अनुभव हुन्छ । पाप कर्म नगरेर मात्र पुग्दैन । राम्रो काम गर्नु पनि अभ्यास गर्नुपर्छ । यतिलेमात्र पुग्दैन । चित्त शुद्ध हुनुपर्छ । भगवान् बुद्धको उपदेश सुनेर ब्राहमण झन प्रशन्न भयो । साँच्चै नै रहेछ यो पूर्णिका दासीले भनेको कुरा । अहिलेसम्म यस्तो कुरा कसैले पनि भनेको छैन, सुनेको पनि छैन । म परम्परावादी बने, मिथ्यादृष्टिक बने । मेरो विश्वास र धारणा ठीक रहेनछ । यो पूर्णिका दासीको संगतमा परेर भगवान् बुद्धलाई भेट्न पाए । मुक्त भएं । बोध भएं । मेरो हृदय परिवर्तन भयो । साधु । साधु ॥ साधु ॥।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# अष्टलोक धर्म

बुद्ध भन्नुहुन्छ - लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख, दुःख यी लोक धर्मबाट संसारका कोही पनि मानिस मुक्त छैन। चाहे राजा होस् चाहे प्रजा चाहे धनी होस् चाहे गरीब होस्। बुद्ध पनि यी आठ लोकधर्मबाट मुक्त छैनन्। बुद्धलाई ज्यानमारा समेत भन्ने निन्दा उपहास लगाइएको थियो।

यहाँ पहिले लाभ र अलाभ बारे चर्चा गरौं। बुद्ध भन्नुहुन्छ- लाभेन उन्नतो लोको, अलाभेन च ओनतो अर्थात् लोक-संसार लाभबाट मात्तिन्छ, चञ्चल हुन्छ। अलाभले दुःखित र असन्तुष्ट हुन्छ। लाभ हुँदाखेरि ठूलो हर्षित भई उफ्रिन्छ, चञ्चल हुन्छ। अलाभ भएको खण्डमा दुःखी र असन्तुष्टी भई जुवामा हारेको जस्तो झुलेर बस्छ। अलाभ भएको खण्डमा मानिस संसारबाटै विरक्तिएर बसेको देख्न सक्छौं। लाभ हुन र अलाभ हुन सामान्य मानिसको स्वभाव धर्म हो। बुद्धको शिक्षाअनुसार आध्यात्मिक उन्नति भएको खण्डमा अर्थात् अर्को भाषामा भन्ने हो भने विपस्सना ध्यान अभ्यास गरेर समताभाव भयो भने तटस्थता अवस्थामा पुगेको खण्डमा त्यो व्यक्तिलाई लाभ, अलाभले केही असर पर्दैन। मतलब अलाभ हुँदा असन्तोष र लाभ हुँदा खुशी र सन्तोषको अनुभव हुँदैन। यो आध्यात्मिक गुण हो। आध्यात्मिक उन्नति भएको व्यक्ति दुबै समान हुन्छ। किनभने उपेक्षा



Downloaded from http://www.dhamma.digital

भावले हेर्ने बानी भइसक्यो। प्रयत्न गरेको खण्डमा एक छिन पर्खी चिन्तन गरेमा सामान्य मानिसलाई पनि लाभ र अलाभ आदि अष्टलोक धर्मबाट हुने दुःख र सुखको अनुभव नगरी मुध्यस्थ वा तटस्थ भई सहन सक्ने शक्ति भएको देखिन्छ। उदाहरणको लागि बर्माको एक घटना प्रस्तुत गर्नु प्रासंगिक होला।

बर्मामा महांसी सयादो ध्यान केन्द्रमा हामी नेपालीहरु १०/१२ जना ध्यान गर्न गएका थियौं। त्यसै बेला ध्यान केन्द्र नजिक एक माइल टाढा आगो लाग्यो। त्यहाँ ध्यानकेन्द्रका कर्मचारीको घर आगोमा परी भष्म भयो । हामीले त्यो कर्मचारीसँग सोध्यौं- तपाईको घर आगोले खाइदियो, तपाइलाई दुःख लागेन। म बुद्धको अनुयायी बुद्धको उपदेश सुन्दैछु- सबै चजि अनित्य, दुःख र अनात्मा भन्ने। यस्तो अवस्थामा बुद्धको शिक्षा सम्झनु पर्ने हो। दुःखी भएर रोएर के फाइदा। फेरि मेहनत गर्नेछु र घर बनाउँछु। हामीले पैसा जम्मा गऱ्यौ, अरु साधकहरुले पनि चन्दा उठाएर पैसा दिए। यस घटनाले के स्पष्ट हुन्छ भने साधारण मानिसहरु पनि लाभ र अलाभबाट विचलित नभइ बस्न सकिदो रहेछ।

प्रसंगवश आफ्नो केही कुरा उल्लेख गर्न चाहन्छु। म काठमाडौं र बनेपामा बसबाट आवत जावत गर्दैछु। बस भाडा रु. ४/- देखि अहिले बसभाडा ३५/- पुगिसक्यो। बसमा कसैकसैले श्रद्धाले बस भाडा तिरिदिन्छन्। अनि मलाई ठूलो लाभ भएको महशूस हुन्छ। म लेखेर किताब लेख्दै छु। धर्मको पुस्तक संघाराममा नपाउँदा बनेपा ध्यानकुटीमा



Downloaded from http://www.dhamma.digital

गएर खोज्दछु । किताब पाउँदा ठूलो लाभ भएको महशूस हुने गर्छ ।

अब अष्टलोक धर्महरु मध्ये यश र अयश निन्दा प्रशंसातिर । संसारका मनिसहरु प्रशंसा मात्र सुन्न चाहन्छन् अपकीर्ति र निन्दा सुन्न कोही चाहन्दैनन् । तर चाहेर के गर्ने ? नेवारीमा एउटा प्रचलित उखान छ, "सुखया ल्यू ल्यू दु:ख नं वैगु" मतलब सुखको साथ साथै दु:ख पनि आउने गर्छ । यो लोक स्वभाव हो । हामी देख्छौं सामान्य मानिस कीर्नि र प्रशंसा हुँदा खूब मात्तिन्छन् र खुशीले उफ्रिन्छन् । अपकीर्ति हुँदाखेरि मुख अँध्यारो गर्दै दु:खी हुन्छन् । संसारमा बुद्धले जस्तो निन्दा सुन्ने र गाली खाने व्यक्ति कोही छैन । एकजना आक्रोशक ब्राहमणले बुद्धसमक्ष- तँ गधा, तँ गोरु, तँ भेडा भनी गालि गरेको र बुद्धले चुपचाप बसी मुसुमुसु हाँसिरहनुभएको घटना त्रिपिटक पालि साहित्यमा ठाउँ ठाउँमा उल्लेख गरेको पाइन्छ । बुद्धको सहनशीलता । आध्यात्मिक शक्ति अति उच्चतम छ ।

एकचोटी बुद्धको लाभसत्कार प्रशंसा सहन नसकी ईर्ष्याले अबौद्धहरुले सुन्दरी परिव्राजिका केटीलाई हत्या गरी जेतवन विहारको फूल फाल्ने खाल्डोमा गाडी बुद्धलाई ज्यानमाराको अपवाद फैलाइएको बेला भिक्षुहरु बाहिर जान नसकेसर श्रावस्ती छाडेर जान भिक्षुहरुले बुद्धलाई सुभाव दिँदा बुद्धले भन्नुभयो- हाम्रो गल्ति छैन । यो ईर्ष्यालुहरुको षडयन्त्र हो । नआत्तिनु, एक हप्तापछि यो षडयन्त्र भण्डाफोड हुनेछ, साँच्चै नै एक हप्तापछि षडयन्त्र प्रकट भयो । शान्ति



Downloaded from http://www.dhamma.digital

भयो बुद्धको सहनशीलता र शुद्धचरित्रको र आध्यात्मिक शक्तिको चमत्कार हो यो । अष्टलोक धर्मबाट बुद्ध विचलित हुनु भएन । बुद्धलाई लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा र सुख दु:खले विचलित पार्न सकेन ।

अष्टलोक धर्मबाट मुक्त हुन साधारण मानिसहरुलाई सजिलो छैन, तर असम्भव चाहि होइन । त्यसको लागि सहनशीलताको अभ्यास आवश्यक छ, धर्मको कुरा सुन्नु र अध्ययनपछि अभ्यासको आवश्यक छ । शुद्ध चित्त धैर्यको पनि जरुरी छ । सम्भव नभए बुद्धले यससम्बन्धी उपदेश दिदैनथे ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# धर्म र कर्तव्य

नेपाली बृहत् शब्द कोश अनुसार धर्मको अर्थ धेरै छन् । मूर्तिपूजा, सदाचार, असल आचरण आदि । यहाँ चर्चा गर्न लागेको बुद्धको शिक्षाअनुसार अर्थात् बुद्धले दिनुभएको उपदेशअनुसार मानिस असल बन्नुपर्ने, काम र परस्पर हुनुपर्ने कर्तव्यपालन हो । अर्को भाषामा भन्ने हो भने मानिसले अरुलाई दुःख हुने काम नगर्नु धर्म हो । अरुको मन दुख्ने झूठो कुरा, चुक्लि, फोहोर बोलि नगर्नु धर्म हो । धर्मचक्र प्रवर्तन सूत्रअनुसार बहुजन हिताय, बहुजन सुखाय हुने काम, कुरो गर्नु धर्म हो । यहाँ स्मरणीय कुरा बुद्धले सर्वजन हिताय भन्नु भएको छैन ।

सूत्रपिटक अन्तर्गत सिगालोवाद-सुत्तअनुसार परस्पर कर्तव्य पालन गर्नु नै धर्म देखिन्छ । त्यस सूत्रमा आमाबुबाले आफ्नो छोराछोरीको पालनपोषन गर्नु अर्थात् छोरा छोरीहरु स्वयंले आफ्नो खुट्टामा उभिनसक्ने शिक्षा दिनु । अर्को भाषामा भन्ने हो भने आत्मनिर्भर हुनसक्ने व्यवस्था गर्नु । त्यस्तै छोराछोरीहरुले आमा बुबाको गुणानुस्मरण गरेर सेवा गर्नु । बुद्धले भन्नुभएको थियो-मातापिता महाब्रह्मा हुन्, पूर्वाचार्य पनि हुन् । त्यसैले सम्झी सेवा टहल गर्नु छोराछोरीहरुको कर्तव्य धर्म हो । त्यसरी नै साथी-साथीबीच परस्पर कर्तव्य पालन गर्नु पर्ने मतलब साथीको खराब आचरणलाई सुधार्न



Downloaded from http://www.dhamma.digital

असल कुरा भन्नु, केही आपत परेको छ भने आफ्नो शक्तिअनुसार मद्दत र सहयोग गरिदिनु धर्म र कर्तव्य हो। यति मात्र होइन गुरुशिष्यबीच पनि परस्पर सम्मान गर्नुपर्ने कर्तव्य पालन गर्नु पर्ने धर्म हो। गुरुले आफ्नो चेलाहरुको चरित्र सुधार हुने राम्रो शिक्षा दिने, अनुशासित बनाउने, जसले गर्दा शिष्यको जीवन असल बन्न सकोस्। शिष्यले पनि गुरुको सेवा गर्नु, कर्तव्य पालन गर्नुपर्ने धर्म हो। मेरा चेलाहरु पनि धेरै छन्। तिनीहरु मध्ये कोही गर्नुपर्ने केही छ कि, स्वास्थ्य कस्तो छ भनी सोध्न आउँछन् र कोठा सफा गरेर जान्छन्।

कोही हरेक महिना आएर गुरुपूजा गर्न आउँछन्। खाद्य सामान र दक्षिणा दिएर जान्छन्। प्रसङ्गवश एक जना शिष्य छ कोण्डन्य, जसले म बिरामी हुँदा आशातीत अलसी नभई अस्पतालमा चौबिसै घण्टा बसेर सेवा गरेको गुण बिर्सन सक्दिन। अरु अरु शिष्यहरुले पनि बिरामी हुँदा हेरचाह गर्न आएकाले रोग नै निको भएको महशूस हुन्छ। यो पनि धर्म नै हो।

हालसालै मेरा साथी कुमार काश्यप बिरामी हुँदा अस्पतालमा औषधोपचार गरिरहनुभएको बेला उनै शिष्य कोण्डन्यले आशातीत उहाँको सेवा गर्नुभयो। त्यसपछि अहिलेसम्म आफ्नै विहार, बुद्ध विहारमा राखेर सेवा गरिरहनुभयो, फलस्वरुप हाल उहाँको स्वास्थ्य राम्रो भइरहेको छ। यो उदाहरणीय धर्म र कर्तव्य हो। म बिरामी हुँदाखेरि पनि महिनौ बुद्ध विहारमै राखी उनै शिष्य कोण्डन्यले सेवा गरेको बिर्सेको छैन। उनलाई निरोगी होस् भनी शुभकामनासहित



Downloaded from http://www.dhamma.digital

आशीर्वाद दिन चाहन्छु ।

सिगालोबाद -सूत्रअनुसार पत्नीपतिबीच पनि परस्पर कर्तव्य पालन गर्नुपर्ने कुरा बुझिन्छ । श्रीमतीले श्रीमानले कमाएर ल्याएको धन सम्पत्ति रक्षा गरेर त्यसलाई सदुपयोग गर्न सक्नुपर्छ । त्यस्तै श्रीमान्ले श्रीमतीलाई समयसमयमा लुगा फाटोको साथै यथाशक्ति गहना पनि दिनुपर्छ । बुद्ध भन्नुहुन्छ- श्रीमान् विश्वास पात्र बन्नुपर्छ र आफ्नो स्वास्नीको अगाडि अरु आइमाईको प्रशंसा गर्नु हुँदैन । जसले गर्दा ईर्ष्या उठ्न सक्छ ।

त्यस सूत्रअनुसार मालिक र कर्मचारीबीच पनि परस्पर कर्तव्य पालन हुनु आवश्यक छ । जस्तै- कर्मचारीले अल्सी नभई इमान्दारीसाथ ठीक समयमा काम पूरा गर्नु पर्छ । त्यस्तै मालिकले उसको शक्तिआसार काम गराउनु पर्छ । बिरामी हुँदा औषधोपचार गरिदिनु पर्छ । पारिश्रमिक उचित समयअनुसार दिनु पर्छ नै ।

यसरी नै शिक्षक, सरकारी कर्मचारी तथा (वैद्य) डाक्टरहरुले कर्तव्य पालन गर्नु पर्ने देखिन्छ र बिरामीहरु पनि अनुशासित हुनु आवश्यक देखिन्छ । यी कुराहरु सही धर्मको कुरा हो । राजनीतिज्ञहरुबाट त झनै कर्तव्य पालन गरेर देश सेवा गर्नुपर्ने हो । प्रसङ्गवश यहाँ उल्लेख गर्नु उचित ठान्दछु- डा. थीरमान शाक्य एक कर्तव्य परायन निस्वार्थी डाक्टर हुनुहुन्थ्यो । उहाँलाई अस्पतालमा धर्मात्मा डाक्टर भनी गिज्याउँछन् भन्ने सुने । उहाँ अहिले बित्नुभयो । अरु अरु डाक्टरहरु पनि कर्तव्यपरायन नभएका होइनन् । धर्मको महत्व भन्नु नै कर्तव्य अनुसार हुन्छ ।



Downloaded from http://www.dhamma.digital

हामीलाई विशेषरुपमा परिवारबीच परस्पर कर्तव्य पालन गर्ने चलनचल्ती हो। चित्त शुद्ध गर्नु पनि अति आवश्यक देखिन्छ, मतलब चित्त संकुचित संकीर्ण विचार हुनु हुँदैन। चित्त शुद्ध हुनु पनि एउटा मुख्य धर्मको लक्षण हो। मिलनसार हुनु, सहनशील हुनु, अट्टेरी र जिद्दि स्वभाव नहुनु पनि धर्म नै हो।

आजभोलि यज्ञको आयोजना गरेर त्यसबाट उठेको चन्दा रकमबाट कलेज, वृद्धाश्रम, स्वास्थ्य सेवा केन्द्र बनाउने चर्चा सुनिन्छ। यो पनि धर्म नै हो। सधैं सजग, सचेत र होशियारी भइरहनु यो पनि बुद्धको शिक्षाअनुसार उचित धर्म नै हो।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# धर्म के हो ?

परम्परादेखि चलिआइरहेको धर्म चाहिं पुष्प, धूप बाली, अछेटा छर्नेलाई धर्म देखिन्छ। यो बाहिर देखिने धर्म गतिविधि हो। पुष्प,धूप बालेर पूजा गर्ने धर्मको लक्षण हो। फूलको स्वभाव हो, मानिसका मन प्रसन्न पार्नु र धूपको काम हो,सुगन्ध फैलाएर वातावरण स्वच्छ पार्नु। सुगन्धले बायुलाई स्वच्छ पारिदिन्छ।

बुद्धको विचार अनुसार सही धर्मचाहिं चित्त अथवा मन शुद्ध पार्नु। लुगा मैलो हुँदा साबुन लगाएर धोएर सफा गरिन्छ। मन मैलो र धमिलो हुँदाखेरि कसरी सफा गर्ने ? बुद्ध भन्नुहुन्छ, अरुको हित हुने, भलो हुने राम्रो काम गरेर जुन पुण्य हामीले संचय गर्छौं, त्यही पुण्यरुपी सावुनको चित्तको मैलोलाई पखाली दिने। बुद्धहरुको सन्देश एउटा छ -

सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा।
संचित्त परियोदपनं, एतं बुद्धानु सासनँ॥

अर्थात् - सबै प्रकारका पापकर्म नगर्नु, राम्रो काम गर्नु, अनि चित्त शुद्ध गर्नु, यी बुद्धहरुका शिक्षा-सन्देश हुन्। यसको तात्पर्य हो, पाप कर्म नगरेर मात्र र पुण्य कर्म गरेर मात्र पनि पुग्दैन। चित्त शुद्ध हुनु पर्दो रहेछ। धर्म गर्ने सबैको चित्त शुद्ध हुँदैन। कोही नाम कमाउन, प्रशंसा पाउन, स्वर्ग जाने इच्छाले धर्मकर्म गर्नेहरु छन्। अलिकति दान दिएर उसको ठूलो प्रतिफल पाउन आशा गर्नु पैसा



Downloaded from http://www.dhamma.digital

उधारो दिएर व्याज पाउने आशा जस्तै भयो । एकजना सज्जनले बुद्धसँग सोधेछ- "पापकर्म गर्ने सबै नर्क जान्छन् र ? "

बुद्धको उत्तर थियो "मानिसले अज्ञानताले पापकर्म गर्छ तर सचेत भएर महसुस गर्छ, म अज्ञानी रहेछु, नराम्रो काम गरिहाले । अब उप्रान्त म ज्ञानी बन्छु । नराम्रो कामबाट अलग्ग रहन्छु र राम्रो काम गर्नेछु भनी मानिस असल बन्छ भने ऊ नर्क जादैन ।

फेरि उसले प्रश्न गरे- "धर्म गर्नेहरु सबै स्वर्ग जान्छन् र ? "

बुद्धको उत्तर थियो- "जाँदैन । किनकि धर्म गर्नेहरु सधै धर्मात्मा हुँदैनन् । चित्त शुद्ध हुँदैन । लोभ लालच र कालो बजार गर्छन् । त्यसैले धर्म गर्नेहरु सबै सुगति जाँदैनन् । चित्त शुद्ध नहुनेहरु धर्म गरे पनि स्वर्ग जाँदैनन् । बुद्ध भन्नुहुन्छ- दान दिदाखेरि नै दान दिनेलाई पुण्य लाभ हुन्छ, आशा गर्नु पर्दैन । दान दिने भनेको अरुको उपकार होस् भनेर त्याग चेतनाले दिनु हो । दान दिएवापत अरु आशागर्नु उचित छैन । दान दिए वापत अरु लाभको आशा गर्नु चित्त अशुद्धको लक्षण हो । तसर्थ बुद्धको शिक्षा अनुसार चित्त शुद्ध गर्नु र हुनु नै धर्म हो ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# क्रोध नरहे हुन्छ शान्ति

मानिसलाई खराब पार्ने धेरै कुभावना, संस्कार छन् । जस्तै-इर्ष्या, लोभ-लालच, मोह-अज्ञानता । ती मध्ये सबैभन्दा नराम्रो खतरनाक चाहि क्रोध हो । क्रोध हुँदा मानिस अन्धो हुन्छ । किनकि क्रोधले आमा-बुबा, स्वास्नी पनि चिन्दैन । मारिदिन्छ । हिंसा गरिदिन्छ । मानिसको आफ्नो शत्रु क्रोध हो । क्रोध मैत्री गुणधर्मको शत्रु हो । क्रोधको कारण त छ । मानिसलेआफ्नो स्वार्थको सिद्ध गर्नाका निमित्त क्रोध गर्छ । बुद्धसमक्ष एकजना सज्जन आएर प्रश्न गर्छ- किसु सत्थमलं लोके ? अर्थात् शास्त्र पढेकोलाई खिया लाग्ने कुनचाहिं चीज हो ?

बुद्ध भन्नुहुन्छ- कोधो सत्थमलं लोके अर्थात् संसारमा शास्त्र विद्वानलाई खिया लाग्ने क्रोध हो । मतलब क्रोध आउँदा जति विद्वान् भएता पनि ऊ पतन हुन्छ, उसको मूल्य रहँदैन । किनकि विद्वानको कुनै अर्थ रहँदैन । सर्वनाश हुन्छ ।

बुद्धकालीन घटना हो । विनयधर र धर्मदेशक बीच सानो कुरामा कलह भयो । कलहले भयंकर रुप लियो । बुद्धले उनीहरुलाई सम्झाउनु भयो, कलह गर्नु राम्रा चीज होइन । मिलेरबस । सुखा संघस्स सामग्गी- मिलेर बस्नु संघलाई सुख हुन्छ । कलह गर्ने भिक्षुहरुले भने - "तपाई बुद्ध



Downloaded from http://www.dhamma.digital

हुनुभयो, हामी बुद्ध हौं । तपाई  आफ्नो ठाउँमा जानुस् । हामी आफ्नो समस्या समाधान गर्छौं । "

अनि बुद्धले उनीहरुलाई पाठ सिकाउन कसैलाई केही नभनी जंगल पस्नु भयो । यहाँ बुद्धको अर्ति पनि मान्न तयार नभएको कारण क्रोधको जोशले होश गुम्यो । यही हो विद्वत्तामा खिया लागेको दृष्टान्त ।

यहाँ बुद्धलाई पनि क्रोध आयो, दुःख भयो तर बुद्धमा अथाह मैत्री करुणाले छायो । बुद्धको दर्शन नपाएका उपासक उपासिकाहरुले कलहकारी भिक्षुहरुलाई सामुहिक बहिष्कार गरिदियो । फलस्वरुप भिक्षुहरु भोकै बस्नुपर्यो । अनि आपसमा कुरा गरे -अब मिल्नु पर्यो । नत्र त हामी बाँच्न सक्दैनौं । हामी अज्ञानी हौं । अब हामी मिलेर बुद्धसँग क्षमा माग्न जाऔं । बुद्धले क्षमा दिनुभयो । अनि उपासक उपासिकाहरुले बहिस्कार फिर्ता लिए अनि खाना दिए, सम्मान गरे । यो बुद्धको क्रोध मैत्री र करुणाले भरेको छ भन्ने ज्वलन्त उदाहरण हो ।

एकजना आक्रोसक ब्राहमण गएर प्रश्न गरे- किंसु भत्वा सुखं सेति, सिंसु भत्वा नसोचति ? के चीज एउटा नाश गर्न सके सुख हुन्छ, पीर हुँदैन ?

बुद्धको उत्तर थियो -कोधं भत्वा सुखं सेति, कोधं भत्वा नसोचति अर्थात् क्रोध एउटा नाश गर्न सके सुख हुन्छ, पीर हुँदैन ।

बुद्धमा मैत्री र करुणा भरेकोले अन्तमा शान्ति हुन्छ तर हामीमा क्रोध आएको खण्डमा अशान्तिले अन्त हुन्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्ध भन्नुहुन्छ - "लोभ त्याग्नु सजिलो छैन तर क्रोध खतरनाक छ, तैपनि त्याग्न सक्छ, सधैं क्रोध रहँदैन । "

जेहोस्, क्रोधको दुष्परिणाम ठूलो छ,भयंकर छ, तसर्थ भिक्षुहरमा क्रोध आयो भने शोभा हुँदैन । किनभने क्रोधले जोश बढ्छ, अनि सत्यानाश हुन्छ । त्यसैले बुद्ध भन्नुहुन्थ्यो- "भिक्षुहरु सधैं सतर्क र सचेत हुनुपर्छ, होशियार हुनुपर्छ । अनि क्रोध आउन सक्दैन ।

अनि हुन्छ शान्ति ! शान्ति !!

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्ध र ज्ञानको कुरा

बुद्धको उपदेश र धर्मअनुसार आँखाले रुप देखेर "आहा ! कति राम्रो छ "भनी अङ्ग प्रत्यङ्गको बारेमा धेरै कल्पना गरेर आसक्त भई पल्क्यो भने आध्यात्मिक उन्नति हुन सक्दैन । बुद्धले जहिले पनि भन्नु हुन्नथ्यो- आँखाले रुप नहेर, मिठो नखाऊ, राम्रो लुगा नलागाऊ । उहाँ यति मात्र भन्नुहुन्थ्यो कि रुप हेर तर आसक्त नहोऊ । ईर्ष्यावश अरुलाई ढलाइदिने, अहित गर्ने काम आध्यात्मिक उन्नति होइन, अवनति हो । पञ्चइन्द्रिय (आँखा, कान, नाक, आदि) संयम गरी राख्न सके आध्यात्मिक उन्नति हुन्छ । आजभोलि बलात्कार र हिंसा बढिरहेको छ । यसको कारणमा मन नियन्त्रणको अभाव नै हो ।

कोही कोही मानिसहरु सोध्ने गर्दछन् - यस्तो विषम विलासिताको वातावरणमा मन वा इन्द्रियलाई कसरी नियन्त्रण गर्न सकिएला र !

तर, बुद्धको विचार र अनुभव अनुसार नाना प्रकारको दृश्य आफ्नो अगाडि विद्यमान भएता पनि संयमी भएर बस्न सकिन्छ । बुद्ध भन्नुहुन्छ- कमलको फूल हिलो र पानीमा उम्रिए पनि त्यो सफा देखिन्छ ।

बुद्धले समय समयमा यो पनि भन्ने गर्नुहुन्थ्यो- भिक्षुहरु ! जन्म हुँदाखेरि मन निर्मल र पवित्र थिए तर पछि बाहिरी दुषित वातावरणले गर्दा कुलषित र धमिलो हुन



Downloaded from http://www.dhamma.digital

पुग्यो । यसबाट थाहा हुन्छ, आध्यात्मिक मन र भौतिक पदार्थ बीच घनिष्ट सम्बन्ध छ । मन शुद्ध हुनको लागि वातावरण पनि स्वच्छ हुनुपर्छ ।

एउटी महिलाका चारवटा छोरा थिए । धनसम्पत्ति धेरै थियो । छोराहरु अलग्गै बसे । आमाचाहिं आफ्नो अंशभाग लिइकन साहिंला छोरासँगै बसिन् । उनी बूढी भइन् । रोगग्रष्ट भइन् । साहिंला छोरा र बुहारी रोगी बूढीको सेवा गर्दै रहे । बुहारीको अनुहार उज्यालो थिएन । बिरामी हेर्न आएकाहरुले बुहारीसँग सोधेछन्- किन मुख अध्यारो पारी बसेको ? रोग हुनु र मृत्यु हुनु स्वभाविक प्रक्रिया हो । संसार अनित्य छ । दुःखी भएर बस्नाले फाइदा हुँदैन । बुहारीले भनिन्- म रोगीको बारेमा कल्पना गरी दुःखी भएकी होइन । सासू हामीसँगै बस्छिन् । हामीले सासूको सेवा गर्दैछौं तर पनि बुढीले आफ्नो अंश हामीलाई दिएकी छैनन् । दागबत्ती हाल्ने कान्छा छोरा हुन् । दाहसंस्कारपछि उसले आमाको अंश माग्नेछ । अनि सासूको सम्पत्तिको विषयलाई लिएर झगडा हुन्छ । मेरो चिन्ताको खास कारण यही हो ।

अर्को घटना प्रस्तुत गर्छु । एकजना बूढीले मरणासन्न अवस्थामा "मेरो गहना ल्याऊ, मेरो गहना ल्याऊ" भन्दै थिइन् रे । अनि छोराले सेफ खोली गहनाको पोको दिएछ । त्यो बूढीले गहनाको पोको छातीमा राखी बेस्सरी समातेर मरिछन् ।

अर्को एकजना मालिक साहुजी बिरामी भई बिछ्यौनामा पल्टेर "ल म त बाँच्दिन क्यारे, मर्ने बेला भयो, मलाई भूईमा



Downloaded from http://www.dhamma.digital

राखिदेऊ" भन्न थालेछ । जहान परिवारले बूढाको ग्रह राम्रो पार्न एकसय जना गरीबहरुलाई चिउरा आधामाना र माल्पुवा एउटाको दरले दान गर्ने विचार गरेछन् । त्यो सुनेर मर्न लागेको त्यो धनी बूढाले भनेछ- चिउरा आधा माना दिनु पर्दैन, एक चौथाइ मात्र दिए पुग्छ ।

यो कस्तो आध्यात्मिक अवनति ! आध्यात्मिक उन्नति र त्याग चेतना भएको भए मर्न लागेको मान्छेले गरीबहरुको लागि आधा मानाको सट्टा एक माना चिउरा देऊ भन्थ्यो होला । एउटा बूढी महिलाको मृत्यु भयो । उनको एक छोरा र नातिहरु ३,४ जना रहेछन् । बूढी आमाको मृत्युपछि छोराले सेफ खोलेर हेरेछ । त्यो कुरा उसका छोराहरुले थाहा पाएछन् र भनेछन् - बुबा हाम्रो अनुपस्थितिमा किन सेफ खोल्नु भएको ? छोराहरु बुबासित त्यही कुरालाई लिएर झगडा गर्न थालेछन् ।

एउटी महिलाका दुई छोरा थिए । जेठा छोरा विवाह गरेपछि छुट्टिएर बस्न गएछ । कान्छो छोरो ८ वर्षको मात्र थियो । ती विधवा महिला ८ वर्षको छोरोलाई छोडेर पोइल गइछन् । बच्चा एक्लै भएकोले उसको सम्पत्ति टोल समितिले जिम्मा लियो । त्यो दशवर्ष पुग्दाखेरि सरुवा रोगले छोयो । मानिसहरुले उसलाई अस्पतालमा भर्ना गर्न लगे । तर अस्पताल मै उसको मृत्यु भयो । बच्चा मरिसकेपछि पोइल गएकी आमा आएर भनिन् रे- "मेरो छोरा मऱ्यो, उसको सम्पत्ति मैले पाउनु पर्छ ।"

दाजु पनि आएर "यो मरेको मेरो भाइ हो । उसको सम्पत्ति मैले पाउनु पर्छ ।" छिमेकी नातेदारहरुले पनि



Downloaded from http://www.dhamma.digital

"बच्चाको दाहसंस्कार हामीले गऱ्यौं, आमाचाहिं पोइल गएसकेकी, दाजु पनि धेरै टाढा बस्न गएको, त्यसो हुँदा तिमीहरुले सम्पत्ति पाउने छैन" भनेर झगडा गरेछन् । आध्यात्मिक पतन भनेको यही हो ।

नयाँ नेपालको चर्चा छ । गणतन्त्र आयो भनिन्छ । सरकारी कार्यालयमा र माल अड्डामा खुल्लमखुल्ला कति घुस दिने भनेर वाचा गराउनु, चिया खर्च नपाई टेलिफोन र विजुली मिटर जडान गर्न आलताल गरी ढिलासुस्ति गरिसरहनु आध्यात्मिक अवनतिकै लक्षण हो । खोइ ! बुद्धजन्मभूमि नेपालमा आध्यात्मिक उन्नति कहिले हुने हो वा यो जीवनमा देख्न पनि पाइने हो कि होइन, कुन्नि ?

◆◆◆



Downloaded from http://www.dhamma.digital

# धर्मले कर्म थप्छ

मानिसको मृत्यु चार प्रकारले हुने गर्दछ । ती हुन् -

१) आयु सकेर,

२) कर्म सकेर,

३) आयु र कर्म दुबै सकेर, र

४) दुर्घटनामा अकाल मृत्यु भएर।

कर्मक्षय भएर मृत्यु बारे अथवा कर्मक्षय भएको बेला धर्मकर्म र परोपकार हुने काम गरेर कर्म थप्न सकिन्छ । आयु क्षय भएकोमा बाँच्न सक्ने कुनै उपाय छैन । त्यस्ताको औषधी गरेर वा धर्मकर्म गरेर पनि बाँच्न सकिने छैन । अपवाद स्वरुप धर्मग्रन्थमा पालि अर्थकथामा (त्रिपिटकमा होइन) पनि आयुक्षय अवस्थामा धर्मकर्म गरेर आयु बढेको कथा पढ्न पाइन्छ । त्यो पुरोहितवादको सृजित कथा हो । परोपकार अर्थात् सेवा गरेर कर्मक्षय भएको कर्म थप्न सक्ने बारे पालि साहित्यको आधारमै लेख्दै छु । दियोमा तेल सिद्धिंदा थप्न भए जस्तै कर्म सिद्धिसकेकाहरुलाई धर्मकर्म गरेर कर्म पनि थप्न सकिन्छ । उदाहरणको लागि एउटा कथा अगाडि राख्छु ।

पहिला पहिलाको कुरा हो । एक दम्पतिको छोरा थियो । उसलाई टाढा एउटा ठाउँमा गुरुकुल (छात्रावास) मा राखेर पढाइराख्यो । त्यहाँ पढाइराख्ने गुरु ज्योतिषशास्त्रमा पारंगत भइसकेको थियो । उसले बच्चाहरुको मुख हेरेर कति



Downloaded from http://www.dhamma.digital

बाँच्ने रहेछ भन्न सक्ने रहेछ ।

एक दिन पढाइरहेको बेलामा त्यहि केटाको मुख हेरेर विचार गऱ्यो- "यो केटा त सात दिनमात्र बाँच्छ । कर्मक्षय भइसकेको छ । यहीं मऱ्यो भने यस गुरुकुलको बदनाम हुन्छ । त्यसैले उसलाई घर पठाइदिनु पऱ्यो ।

यस्तो मनमा सोचेर त्यस केटोलाई बोलाएर भन्यो- "बाबु ! तिम्रो आमा-बाबुले एउटा खबर पठाएको छ । तिमीलाई छिट्टै घर आऊ रे ।"

केटोलाई त्यो कुरा साँचो हो भन्ने लाग्यो । उसले भन्यो- "त्यसो भए म घर जान्छु ।"

त्यस केटाको घर पुग्न चार दिन लाग्थ्यो । गुरुको मनमा थियो -"चार दिनपछि ऊ घर पुग्नेछ, अनि त्यसको तीन दिनपछि ऊ मर्नेछ ।"

गुरुले उसलाई बाटो खर्च र खानेकुरा दिई पठायो । केटो सरासर घरतिर गइरहेको थियो । जंगलभित्र एक ठाउँमा एकजना साधु महात्माले रुखबाट झरेका विग्रेका फलहरु बटुलिरहेको देख्यो । केटोले रुखमा पनि राम्रा राम्रा फलहरु फलिरहेको देख्यो । साधु महात्मासँग सोध्यो -"रुखमा राम्रा फलहरु भएर पनि तपाई किन ती बिग्रेका फलहरु बटुलिरहनु भएको हँ ?"

महात्माले भन्यो- "कसैले नदिएसम्म नलिने हाम्रो नियम हो । यी खसेका फलहरु रुखले दिएको हुनाले बटुलिरहेको हुँ । "

केटोले उसको डालो लिएर रुखमा चढेर राम्रा राम्रा पाकेका फलहरु टिपेर त्यसमा राखेर महात्मालाई दियो ।



Downloaded from http://www.dhamma.digital

त्यो महात्माले विचार गऱ्यो- "थुप्रै मानिसहरु यहाँ आउँछन्, जान्छन् तर कसैले मलाई वास्ता गर्दैनन्। यो केटामा कस्तो धर्म चेतना भएको ?"

महात्माले केटोलाई "जय होस्, दीर्घायु होस्" भनेर आशिर्वाद दियो। केटो पनि खुशी हुँदै गयो।

एउटा खोलामा पुगेपछि उसले बाँसको पुल एउटा देख्यो। त्यो पुल पुरानो भएर बिग्रिसकेको थियो। त्यसबाट हिंडेमा कुनै पनि बेला त्यो पुल खोलामा खस्न सक्थ्यो। कतैतिर बाँस होला कि भनेर उसले यता उता खोज्न गयो।

त्यो बालकले यताउताबाट चार-पाँच वटा बाँस खोजेर ल्याई बिग्रेको पुललाई नयाँ बनाइदियो। बटुवाहरुले जय होस्, दीर्घायु होस् भनी आशीर्वाद दिए।

त्यहाँबाट ऊ सरासर गएर घर पुग्यो। आमाचाहिं घरबाहिर बसिरहेकी थिइन्। उसलाई देख्नासाथ भनिहालिन्- "ए लुच्चा, पढ्न सिद्धिएको छैन, किन फर्किस् ? बदमाश भएकोले गुरुले फिर्ता पठाइदियो कि ? "

केटोले भन्यो- "आफूहरुले त घर छिट्टै आउनु भनेर खबर पठाउने, फेरि मलाई नै लुच्चा भन्ने ?"

आमाचाहिंले भनिन्- "हामीहरुले खबर पठाएको भनेर कसले भन्यो ?"

केटोले जवाफ दियो- "गुरुले भन्नु भएको। तिम्रो आमाबुबाले तिमीलाई हेर्न उत्सुक भइरहेको छ, तिमी छिट्टै घर आऊ रे।"

आमाचाहिंलाई छोराको दुब्लाएको रुप देखेर माया



Downloaded from http://www.dhamma.digital

लाग्यो । त्यसैले पठाइदिनु भएको होला भन्ने विचार गरिन् । भैगो त, एक महिना जति बसेर मिठो खाना खाएर मोटाएर जाऊँ ।

गुरुको शास्त्रअनुसार केटो सात दिनपछि मर्नुपर्ने, एक महिना बित्दा पनि मरेन । यो कुरा केटालाई पनि थाहा थिएन र केटोको आमाबुबालाई पनि थाहा थिएन । एक महिनापछि केटो फेरी गुरुकहाँ गयो । गुरुले टाढैदेखि त्यो आइरहेको देख्यो । उसले त्यो घटना साँच्चै भइरहेको हो वा सपना मात्रै हो, छुट्याउन सकेन । भूत भएर आएको त होइन ! मेरो शास्त्र झूठो त हुन सक्दैन । के भएको बुझ्न नसकेर गुरुचाहिं त्वाल्ल परिराख्यो । फेरि विचार गर्‍यो -"त्यो केटोले धर्म गर्‍यो होला, त्यसैले उसको सिद्धिएको कर्म फेरि थपियो । "

गुरुले सोध्यो- "तिमीले के धर्मको काम गरेर आयौ ?"

केटोले भन्यो- "केही पनि धर्म गरेर आएको छैन । "

गुरु झन् लाटो भयो । फेरि सोध्यो- "तिमीले पक्कै पनि धर्म गरेर आएको छ । धर्म गरेर पनि भन्न लाज मान्नुपर्छ ? "

केटोले "धरोधर्म कुनै पनि धर्म गरेर आएको छैन" भनेर किरिया नै हाल्यो । गुरु झन् पक्क भयो । फेरि भन्यो - "त्यसो भए तिमी यहाँबाट गएदेखि तिमीले के के गर्‍यो, मलाई भन । "

केटोले आफू त्यहाँ जाँदा महात्माको लागि फलहरु



Downloaded from http://www.dhamma.digital

टिपिदिएको, बिग्रिसकेको पुल बनाइदिएको, घरमा आमाबुबाको पनि राम्रो सेवा गरेको सबै कुरा सुनाउँदै भन्यो- "यहाँ आउनु अगाडि मलाई केही पनि गर्न आउन्नथ्यो । बदमास र अट्टेरी भएकोले मलाई छात्रावासमा राखिदिएको हो । मेरो स्वभाव राम्रो भएको र बदलिएको देखेर मेरा आमाबुबा औधी खुशी हुनुहुन्छ । उनीहरुको मनमा थियो कि पैसा खर्च गरेर यहाँ पठाएभ्कैं छोरा पनि ज्ञानी भयो ।"

यस्तो कुरा सुन्ने बितिकै गुरुले भन्यो- "तिमीले त धेरै धर्म गरेर आयौ । जंगलमा साधु महात्मालाई फलहरु टिपिदिएको, बिग्रेको पुल बनाइदिएको, यी सबै धर्म हो । सबैभन्दा ठूलो धर्म त तिमीले आमाबुबाको सेवा गरेर आयौ । तिमी त कर्म सिद्धिसकेको मान्छे तर धर्म गरेकाले बच्यो ।"

केटोले भन्यो- "यस्तो काम पनि धर्म हो ? म त फूल, धूप, चामल आदि राखेर देउताको पूजा गर्नुमात्र धर्म, होम यज्ञ गर्नुमात्र धर्म हो भन्ठानेको थिए ।"

यो कथामा कर्म सिद्धिसकेकाहरुलाई धर्मकर्म गरेर बचाउन सकिन्छ भन्ने कुरा स्पष्टसँग देखाएको छ । धर्मकर्मको साथसाथै औषधी उपचार पनि गर्नुपर्छ ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# अजात शत्रुको पश्चाताप

राजा अजातशत्रु खराब सगंतमा परी उसले आफ्नो बुबा बिम्बिसारलाई मारेर राज्य हातमा लिए । स्रोतापन्न हुने संस्कार भएपनि हुन सकेन ।

कुरा के छ भने अजातशत्रु, जसको संस्कार स्रोतापन्न हुन सक्ने थियो । तर दुष्ट भिक्षु देवदत्तको संगतमा परेर अजातशत्रुले ठूलो महापाप गर्न थाले । देवदत्तको चरित्र अबौद्ध चरित्र थियो । उसले महत्वाकांक्षाले गर्दा भगवान् बुद्धको उत्तराधिकारीको पद मागेको बुद्धले स्वीकार गर्नु भएन । त्यस दिनदेखि बुद्धको विरुद्धमा षड्यन्त्र गर्न शुरु गऱ्यो ।अनि अजातशत्रुलाई हातमा लिएर उसलाई कुरा सिकाइ दियो-"तिमी युवक छौं । जीन्दगीको कुनै ठेगाना छैन । युवा अवस्थामा नै राज्य सिंहासनमा बस्नु पर्छ ।"

अजातशत्रुले भन्यो- मेरो बुबा अझैं जीवित नै हुनुहुन्छ, उहाँ राज्य संचालन गर्दै हुनुहुन्छ के गर्ने ? "आफ्नो बुबा बिम्बिसार महाराजलाई सधै जेलमा थुनिदिने, खाना नदिइकन मारिने । राज्य पाउने आशाले देवदत्तको सल्लाह अनुसार आफ्नो बुबा बिम्बिसारलाई जेलमा थुनिदियो । आफू सिंहासनमा बस्यो । अनेक कष्ट दिइकन बाबुलाई मार्न



Downloaded from http://www.dhamma.digital

लगायो ।

त्यसदिन अजातशत्रुको पहिलो छोरा जन्म्यो । छोरा जन्मिनासाथै उसको छोराप्रति बडो अनौठो माया प्रेम उत्पन्न भयो । अनि उसलाई ख्याल भयो- म जन्मदाखेरि पनि मेरो बुबाको मनमा अनौठो माया प्रेम उत्पन्न भएको होला । म दुष्ट भिक्षु देवदत्तको संगतमा परेकोले बुबालाई दुःख दिएँ । अब छुटाउनु पऱ्यो भनेर आदेश दियो । तर बिम्बिसार मरिसक्यो । यो समाचार सुनेर "हरे ! मैले ठूलो पाप गरें । यो पापबाट कसरी मुक्त हुने भनेर त्यो दिनदेखि धेरै पश्चाताप भयो पीर भयो । त्यो पश्चातापले गर्दा मनमा आनन्द भएन । के गरेको खण्डमा मनमा शान्ति हुन्छ ? कस्को धर्मउपदेश सुन्दा मेरो मनमा आनन्द हुन्छ ? बुद्धको उपदेश बाहेक अरुको उपदेश सुने मनमा शान्ति हुँदैन ।

यसरी बिचार गरी जीवक वैद्यसँग सल्लाह गरी उनीसँगै बुद्धकहाँ गए । अजातशत्रुले भगवान् बुद्धलाई नमस्कार गरेर बस्यो ।

अजातशत्रुले भगवान् बुद्धको अगाडि प्रार्थना गऱ्यो- भो भगवान् । म साह्रै पापी छु । दुष्ट भिक्षु देवदत्तको संगत गरेर मैले आफ्नो बुबालाई मारिदिएँ । ती सबै छटना सम्झदा मलाई पश्चातापले डाह भइरहेको छ । म राम्रो सित सुत्न र खानपनि सक्दिन । मलाई ठूलो पश्चाताप भइरहेको छ । भगवान बुद्धले भन्नुभयो- न तं कम्मं कतं साधु, यं कत्वा अनुतप्पति । अर्थात्- यस्तो काम गर्नु हुँदैन, जसले गर्दा गरिसकेपछि धेरै पश्चाताप हुन्छ । मर्ने बेला सम्म त्यसले



Downloaded from http://www.dhamma.digital

सताउँछ फेरी दुःख हुन्छ । संगत भनेको राम्रो व्यक्तिसंग संगत गर्नुपर्छ । नराम्रो व्यक्ति संग संगत गर्नु हुँदैन । पण्डितहरुको संगत गर्नुपर्छ ।

बुद्धको उपदेश सुनेर अजातशत्रुले भन्यो -म साँच्चै कै धेरै अज्ञानी थिएँ । महत्वाकांक्षी भएर, महालोभि भए पदलोलुप भएर पदलोलुप देवदत्तको संगतमा परेर म अनर्थमा परे, साह्रै नै पश्चाताप भइरहेको छ । पहिले देखिनै भगवान् बुद्धको संगतमा परेको भए म यस्तो पश्चातापमा पर्ने थिएन । भगवान् बुद्धलाई नमस्कार गर्दै अजातशत्रुले भन्यो- भो भगवान् ! आज तपाईँको उपासक जीवक वैद्यको अगुवाइमा म यहाँ सम्म आइपुगें । केही हदसम्म शान्ति त भयो । आइन्दा म सतर्क हुन्छु । तैपनि त्यो पापबाट मुक्त त हुन सक्दिन ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# कर्मफल बारे बुद्धको विचार

कर्मफलले धार्मिक क्षेत्रमा महत्वपूर्ण ठाउँ लिएको र चर्चा पनि भइरहन्छ। यो विवादास्पद विषय हो । त्यसैले गौतम बुद्धले भन्नुभएको थियो- कम्मविपाको भिक्खवे अचिन्तनीयो अर्थात् भिक्षुहरु ! कर्मफल बारेमा चिन्तन र कल्पना नगरे हुन्छ।

त्यसो भए पनि, मलाई राम्रो ज्ञान नभए पनि मैले अध्ययन गरेअनुसार पालिसाहित्यको आधारमा कर्मफलको बारेमा लेख्न जमर्को गर्दैछु।

यानि करोति पुरिसो तानि पस्सति अत्तनि, कल्याणकारी कल्याणं पापकारी च पापकं, यादिसं वपते बीजं तादिसं हरते फलं।

भावार्थ- मानिसले जे पापकर्म गरे पनि त्यो पाप आफूलाई महसुस हुन्छ, परोपकार हुने राम्रो काम गर्नेले त्यसको फल राम्रो देख्छ। पापकर्म गर्नेले नराम्रो फल भोग्नुपर्नेछ। जस्तो बिउ रोपिन्छ, त्यस्तै फल फल्छ। जुनसुकै काम गरे पनि त्यस अनुरुप फल पाउनु स्वाभाविक हो। नराम्रो काम गर्नेले नराम्रो फल भोग्नुपर्छ। राम्रो काम गर्नेलाई राम्रो फल पाउँछ।

त्यसो भए पनि बुद्धको शिक्षाअनुसार सबै कर्मको फलभोग्नै पर्छ भन्ने छैन। सायद यसो भन्नु बौद्ध साहित्यअनुकूल छैन जस्तो छ। कर्मफल भोग्नु पर्दैन भन्नु मिथ्यादृष्टि



Downloaded from http://www.dhamma.digital

हुनजान्छ । कर्म र कर्मफल भन्ने एउटा मिथ्यादृष्टि हुनजान्छ। कर्म र कर्मफल भन्ने एउटा नियाम - धर्म अर्थात् प्रकृति -स्वाभाव-धर्म भनी सम्झनु पर्छ। बुद्धधर्ममा नियामधर्म ५ वटा छन् :-

१ उतुनियाम -मौसमअनुसार
२. बीजनियाम -बिउअनुसार
३. कम्मनियाम- कामअनुसार
४. धम्मनियाम -स्वभाव-धर्मअनुसार
५. चित्तनियाम- चित्तको स्वभावअनुसार ।

१. उतुनियाम- चैत वैशाखमा रुख हरियालि हुन थाल्छ । रुखमा फूल फुल्छ। यो ऋतुअनुसार हुने गर्छ। (बसन्त ऋतुमा)
२. बीजनियाम- सूर्यमुखी फूल घामलाग्दा फुल्छ। असारमा धान रोप्दा तीन महिनापछि मात्र धान फल्छ। गहुँ रोपेर धान फल हुने होइन। काँक्रो रोपेर फर्सि फल्दैन। काँक्रो नै फल्छ।
३. कम्मनियाम- मानिसले असल काम गरेको खण्डमा फल पनि राम्रो पाउँछ । खराब काम गरे नराम्रो फल पाउँछ। यो प्रकृति स्वभाव धर्म हो।
४. धम्मनियाम-भुईंचालो आउनु, बाढीपहिरो हुनु प्रकृति (स्वभाव) धर्म हो।
५. चित्तनियाम - चित्त उत्पन्न हुन्छ, भङ्ग पनि हुन्छ। यसरी चित्त कसैले केही नगरिकन नै आफै उत्पन्न हुने गर्छ। बुद्ध भन्नुहुन्छ - चेतनाहं भिक्खवे कम्मं वदामि - मानिसको



Downloaded from http://www.dhamma.digital

चेतना नै चित्तको स्वभावअनुसार कर्म बन्छ । काम त साधन मात्र हो । वस्तु होइन, चित्तले गरेको कल्पना र श्रद्धा नै कर्म हो ।

उदाहरणार्थ बुद्धकालीन एक घटना प्रस्तुत गर्नु उचित होला र सान्दर्भिक पनि होला ।

एउटी किसान महिलाले भिक्षाटन आउनुभएको बुद्धलाई पिठोको रोटी दान दिइन् । बुद्धलेआशीर्वाद दिनुहुँदै भन्नुभयो- ठूलो लाभ होस्, निरोगी र सुखी होस् । यो कुरा सुनिसकेपछि महिलाको श्रीमान् बुद्ध समक्ष पुगी सोध्यो- भगवान्, जाबो पिठोको रोटी दान दिँदैमा कसरी ठूलो लाभ प्राप्त हुन्छ ?

बुद्धले जवाफ दिनुभयो - सानो बिउबाट ठूलो रुख उम्रिन्छ । सानो वस्तुको कुरो होइन । चेतना र श्रद्धाको कुरा हो ।

कर्मफल चार प्रकारका छन् :-

१. दिट्ठ धम्म वेदनीयकम्म -

आफूले गरेको कर्मको फल यही जीवनमा आँखाले देखिने गरी फल भोग्न पाउने कर्म । कोकालिक शिकारीले निर्दोष भिक्षुको ज्यान लिन प्रयत्न गरेकोले आफ्नै शिकारी कुकुरको टोकाइबाट मृत्यु भयो ।

२. उपपज्ज वेदनीयकम्म-

अर्को जन्ममा फल पाउने कर्म ।

३. अपरापरिय वेदनीयकम्म-

जन्मदेखि जहिले पनि फल भोग्न सक्ने कर्म, बाजेले गरेको कर्म नाति नातिनीले भोग्न सक्ने कर्म हुन्छ ।



Downloaded from http://www.dhamma.digital

४. अहोसिकम्म-

पञ्च महापापबाहेक अरु कर्मको फल भोग्नु नपर्ने कर्म। उदाहरण अंगुलिमालले ९९ जना मानिसको हत्या गरे पनि फल भोग्नु परेन।

यही जीवनमा अर्हत् (निर्दोष व्यक्ति) भई जीवन मुक्ति पाउनुभयो।

मिथ्यादृष्टि धारणा :-

१. मानिसले जुनसुकै सुखदुःख भोग गर्नु पर्छ, रोगी हुनु आदि सबै पूर्वजन्मको कर्मफल भनी विश्वास गर्नु।
२. जति पनि सुखदुःख आदि घटना भइरहेका हुन्छन् ती सबै ईश्वरको कृपाले हो भनी विश्वास गर्नु।
३. जुनसुकै सुखदुःखको अनुभव भइरहेको छ ती सबै विनाहेतु र कारणाले भइरहेको छ भनी विश्वास गर्नु।

उपर्युक्त तीन सिद्धान्त र विश्वासलाई बुद्धले मान्यता दिनुभएन। बुद्धको विचारसित मेल खाँदैन। (अंगुत्तरनिकाय)

कर्मसम्बन्धी मलाई राम्रो ज्ञान नभए पनि लेख्न मन लागेकोले लेखें। केही गल्ती छ भने क्षमा चाहन्छु।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# शान्तिको लागि बुद्ध सन्देश

गौतम बुद्धले आफ्नो उपदेशमा वर्तमान जीवनमा सुधार र शान्ति तथा समृद्धि हुनुपर्ने कुरा धेरै ठाउँमा उल्लेख गर्नुभएको छ। दुःखबाट मुक्त हुनु भनेको ठूल्ठूला घर बनाएर सुख र बिलासितापूर्ण जीवन बिताउनुमात्र होइन। बुद्धकालीन साधारण जनता धेरै दरिद्र, अशिक्षित, अन्धविश्वासी तथा सफासुघर गरेर बस्न नजान्ने र उचित पोषणयुक्त खाना नहुने भएकोले रोगी थिए। उनीहरुमा निस्वार्थीभाव र निर्वाणको कुरा जान्ने शक्ति थिएन। त्यसैले उनीहरुलाई निर्वाणको कुराभन्दा पनि यो वर्तमान लौकिक, भौतिक जीवन उन्नतिको लागि आवश्यक सामान्य ज्ञान र सरल कुराको खाँचो थियो।

एक समय गौतम बुद्ध कोलिय अञ्चलको जिल्लामा बस्नुभएको थियो। त्यस बखत दीघजानु कोलियपुत्र नामक एकजना व्यक्ति गौतम बुद्धकहाँ गएर वन्दना गर्दै भने- "भो श्रमण गौतम, हामी बालबच्चा सहित सुख भोग गरेर गृहस्थी जीवन बिताइरहेका छौं। धन, खेत, सुन, चाँदी आदि सम्पत्ति जम्मा गरी बस्ने हामीलाई हित हुने, समृद्ध हुने उपदेश दिनुस्। हामी घरबार छोडेर तपाई जस्तो त्यागी बन्न सक्दैनौं।" गौतम बुद्धले भन्नुभयो- "कोलियपुत्र, यो जीवन सुखित मुदित भइ जीविका चलाउनको लागि चार चीजले पूर्ण हुनुपर्छ।



Downloaded from http://www.dhamma.digital

ती चीजहरु हुन् :-

१) उत्थान सम्पदा -अर्थात् परिश्रम र मेहनत,

२) आरक्ख सम्पदा -अर्थात् सुरक्षाको व्यवस्था,

३) कल्याणमित्तता - अर्थात् असल साथी र

४) समजीविकता - अर्थात् आम्दानी अनुसार खर्च गर्नु ।

किन परिश्रम र मेहनत गर्नुपर्ने? बुद्धको शिक्षा अनुसार मानिसहरुलाई न भै नहुने चार प्रकारका सुख पनि छन् । ती हुन् -

१) अत्थिसुख -अर्थात् आधारभूत आवश्यक चीज आफूसँग छ भन्ने सुख ।

२) भोगसुख - अर्थात् कमाएको धन आफ्नो इच्छानुसार भोग गर्न पाइने सुख ।

३) अनण सुख - अर्थात् ऋण नभै बाँच्ने सुख ।

४) अनवज्जसुख- अर्थात् निर्दोषतापूर्वक रोजगारी गरिरहने सुख ।

उपर्युक्त आधारभूत आवश्यकता पूर्तिको लागि सबैले मेहनती र परिश्रमी हुनुपर्छ । अल्छी हुनुहुँदैन । काखीमुनिबाट पसिना नवगेसम्म इमानदारीसाथ मेहनत गर्नुपर्छ । हामीलाई आधारभूत आवश्यक वस्तु चाहिन्छ । त्यो पदार्थ परिश्रमबाट मात्र पाइन्छ । हामीलाई खाना, लत्ताकपडा, बासस्थान, बिछ्यौना, भाँडाकुँडा आदि चीजहरु नभै हुन्न ।

गौतम बुद्धले अगाडि भन्नुभयो- "आवश्यक चीज प्राप्तिका लागि मेहनत गर्नु अनिवार्य छ । चुप लागेर बसिरहँदा देवताले त्यसै दिन आउँदैनन्, न त मानिसहरुले नै खुवाउन आउँछन् । कर्ममा छैन भनेर चुप लागेर बस्ने होइन । काम



Downloaded from http://www.dhamma.digital

गरेर जीविका गर्नुपर्छ। त्यसैले व्यक्ति मेहनती र परिश्रमी हुनुपर्छ। उत्साहीको इच्छा मात्र पूरा हुन्छ। अल्छीको इच्छा पूरा हुँदैन। उत्साही व्यक्तिलाई चाहिने वस्तु आफूसँग छ भने सुख हुन्छ।

गौतम बुद्धले फेरि भन्नुभयो- "मानिसले आफ्नो रोजगार कृषि, व्यापार पशुपालन, कारखाना, जागिर आदि काम गरेर आफ्नै जीविका चलाउनुपर्छ। सुरुमा काम गर्दाखेरि जस्तो उत्साह थियो, अन्तसम्म त्यस्तै नै उत्साही हुनुपर्छ। यही नै पहिलो सम्पत्ति हो र जीवन सुखमय हुने साधन हो।

परिश्रम गरेर कमाएको धन भविष्यमा भइपरि आउने कामको लागि बचाइ राख्नुपर्छ। त्यसैले त्यसको सुरक्षा हुन मितव्ययी हुनु आवश्यक छ। आम्दानी अनुसार खर्च गर्न सिक्नुपर्छ। यहाँ सुरक्षाको अर्थ चोर,डाँका र लुटाहाहरुबाट सुरक्षित हुनु हो, कर तिर्नबाट सम्पत्ति लुकाइराख्नु होइन।

गौतम बुद्ध फेरि भन्नुहुन्छ- खानालाई मात्र पुग्नेगरी कमाएर पुग्दैन। बिरामी हुँदा, आफन्त पाहुनाहरु आउने बेला स्वागत सत्कार गर्नलाई समेत पुग्ने गरी इमानदारीसाथ मेहनत गरेर कमाउनुपर्छ। पैसाको बचावटको लागि खराब साथीहरुको संगत गर्नुहुँदैन। राम्रो चरित्र र स्वभावका साथीहरुको संगत गर्नुपर्छ। आम्दानी अनुसार खर्च गर्न सकिएन भने अरुसित सापटी माग्नुपर्ने हुन्छ। ऋणी जीवनमा सुख हुँदैन। ऋण बाँकी रहँदा सधैं साहुजी आउला र कतै जाँदाखेरि देख्ला कि भन्ने डर रहन्छ। त्यसैले देहीति वचनं



Downloaded from http://www.dhamma.digital

काष्ठं, नास्तीति वचनं तथा अर्थात् दिनुस् भनी माग्दाखेरि तीतो अनुभव हुन्छ, त्यस्तै छैन भन्दाखेरि पनि तीतो अनुभव हुन्छ । अतः अरुसँग सापटी लिनु नपर्ने गरी मेहनत गरी आत्मनिर्भर हुनुपर्छ ।

१) फेरि गौतम बुद्ध भन्नु हुन्छ –गृहस्थी जीवन सुखमय बनाउनको लागि आइमाइसित भुल्नु र आसक्त हुनुहुँदैन ।

२) मादक पदार्थमा आसक्त भई रक्सी खाई जँड्याहा हुनुहुँदैन ।

३) जुवाडे हुनुहुँदैन । त्यसो हुँदा सर्वस्व मात्र होइन,स्वास्नी पनि गुमाउनुपर्ला ।

४) कुसंगत गर्नुहुँदैन । असत्पुरुषको संगतले गर्दा कुमार्गमा लाग्न बाध्य बनाइदिन्छ ।

त्यसपछि दीघजानु कोलियपुत्रले बुद्धको शिक्षाअनुसार जीविका चलाई सुखमय जीवन बिताउन थाले । (व्यग्घपज्ज सुत्त अंगुत्तर निकाय)

गौतम बुद्धले भिक्षु जीवन भविष्यसम्म पनि नैतिकतापूर्ण गरी पवित्र रुपले टिकाउनको निमित्त चतुप्रत्यय अर्थात् चार आधारभूत वस्तु- चीवर (वस्त्र), पिण्डपात्र (खाना), सयनासन (बासस्थान) र गिलानपच्चय (औषधि) यी चार चीज भिक्षुको लागि नभै नहुने भन्ने नियम बनाइदिनुभयो । उपरोक्त चार वस्तु पूरा नभैकन भिक्षुहरुलाई आफ्नो नियममा टिक्नु मुश्किल हुने भएकोले नै बुद्धले यस्तो नियम बनाउनु भएको हुनुपर्छ । तर अचेल त यी चार चीज मात्र पूरा भएर पुग्दैन, शिक्षा पनि अत्यावश्यक भएको छ ।

धेरैजनाले सुनेर विश्वास गरे अनुसार, बुद्धशिक्षाको



Downloaded from http://www.dhamma.digital

मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो। मानिसको सम्पूर्ण तृष्णाबाट मुक्त हुने अवस्थालाई निर्वाण भनिन्छ। जहाँसम्म मलाई लाग्छ, गौतम बुद्धले दु:खबाट मुक्त हुने कुरा मात्र भन्नुहुन्थ्यो। पछि आएर निर्वाण भन्ने दार्शनिक शब्द प्रयोगमा आयो। 'निर्वाण' शब्दलाई अबौद्ध दर्शनको स्वर्ग (मोक्ष) सँग तुलना गर्न सकिन्न।

निर्वाणत्व प्राप्त भैसकेपछि फेरि त्यसको जन्म हुँदैन। यही नै जीवनमा तृष्णा क्षय हुनु र नि:स्वार्थ जीवनको अवस्था हो। आज विश्वमा अशान्ति र तनाव बढिरहनाको आर्थिक असमानताले गर्दा उब्जिएको असन्तुलित जीवनस्तर हो। धनी र गरिब भई दुई वर्ग रहुञ्जेलसम्म शान्ति स्थापना हुन सम्भव छैन।

गौतम बुद्धले भन्नुभएको छ- धनी वर्ग र गरिब वर्ग दुबैले निर्वाणसुख पाउन गाऱ्हो छ किनभने धनी वर्गलाई विलसितामय अर्थात् सुख सुविधायुक्त जीवन प्रिय हुन्छ र त्यस्तो मानिस त्यसैमा आसक्त भइरहन्छ र पैसाबाट पैसा तान्नुमा व्यस्त भइरहन्छ। ऊ जति भए पनि नपुग्ने तृष्णाबाट मुक्त हुन सक्दैन। पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन तर आवश्यकताभन्दा बढी पैसा कमाउनु र रातारात करोडपति बन्ने इच्छा राख्नु तृष्णा हो।

कमाएको धन सदुपयोग नगर्नु तृष्णा हो। पैसा धेरै हुँदा पीर र चिन्ता भइरहन्छ। गौतम बुद्धले भन्नुभएको छ- भएको पैसा सदुपयोग भएन भने त्यो धन सरकारले जफत गर्न सक्दछ, चोरले चोरेर लान सक्छ, आगो लागी नष्ट हुनसक्छ र बाढीले बगाउन सक्छ। यो धनी वर्गको विषयलाई



Downloaded from http://www.dhamma.digital

छाडी अब गरिब वर्गतिर पनि एकपटक विचार गरौं। जिघच्छा परमा रोगा अर्थात् भोक लाग्नुजस्तो ठूलो रोग अर्को छैन। गोतम बुद्धले यसरी आज्ञा गर्नु भएको आफ्नो अनुभवले र प्राणीमात्रलाई आहार (खाना) नभइ नहुने भएर होला।

यो कुराले झन् स्पष्ट थाहा हुन्छ– 'सब्बे सत्ता आहारटिठ्तिका' अर्थात् सबै प्राणीहरु आहारमा निर्भर छन्। भोकाएका मानिसलाई धर्म र संस्कृतिसँग कुनै मतलब हुँदैन। शरीर बलियो नभइ चिन्तनशक्ति बलियो हुँदैन। भोकाएको मानिसले जे पनि अपराध गर्न सक्छ। संस्कृत भाषामा एउटा उक्ति पनि छ– 'बुभुक्षितः किं न करोति पापम्' अर्थात् जब मानिसलाई भोक लाग्छ ऊ दरिद्र हुन्छ, तब उसलाई खाने र पिउने वस्तुको अभाव हुन्छ, अनि त्यसले चोर्ने काम गर्न थाल्छ, लुट्ने, घूस लिने र बेइमानी काम गरेर पनि आफ्नो जीविका चलाउन खोज्दछ। गरिबी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मूल कारण हो भनेर दिघनिकायको चक्कवत्ति सिंहनाद सूत्रमा उल्लेख गरिएको छ। उदाहरणको लागि यहाँ संक्षिप्त विवरण प्रस्तुत गर्न लागिएको छ।

गौतम बुद्ध मगधको मातुला भन्ने ठाउँमा बस्नु भएको बेला उहाँले भिक्षुहरुलाई सम्बोधन गरेर धार्मिक राजा 'दल्हनेमी' को कथा सुनाउनु भएको थियो। ती राजा धेरै प्रभावशाली थिए। उनले आफू बुढो हुन बित्तिकै आफ्ना छोरा युवराजको राज्याभिषेक गरे। उनीहरुको सात पुस्तासम्म धार्मिक रुपले (जनमुखि भएर) नै राज्य चलेको कारणले



Downloaded from http://www.dhamma.digital

जनता सुखी र आनन्दित भए तर आठौं चक्रवर्ती राजाले स्वेच्छाचारी भएर राज्य राम्ररी सञ्चालन गरेनन् ।

उनले स्वार्थी भई आफ्नै बुद्धिले तानाशाही बनी शासन चलाउन थाले । राजर्षिकहाँ गई चक्रवर्तीव्रतको कुरा पनि सुनेनन् । उनले प्रजाहरुको आर्थिक अवस्था सुधार गर्न र उन्नति गर्न तिर ध्यान दिएनन् । त्यसैले उनी आर्थिक अवस्था सुधार गर्न असमर्थ भए । यसले गर्दा दरिद्रताको कोप झन्झन् बृद्धि हुन थाल्यो । दरिद्रताको कारणले राज्यमा चोरी, डकैती, हत्या आदि पापाचार बढ्न थाले । तर अचेल घूस खाने र भ्रष्टाचार गर्नेहरु त गरिबहरु होइनन् बरु धनाध्यहरु नै हुन् । जत्ति भए पनि नपुग्ने, असन्तुष्टी र तृष्णाले गर्दा हो ।

आर्थिक उन्नति मानिसहरुको हित, सुख र समृद्धिको लागि आवश्यक छ भनी बुद्धले भन्नुभएको छ । दण्ड दिएर मात्र चोर डाँकु आदि अपराधीहरुको निर्मुल गर्न सकिदैन । साँच्चै नै चोरी डकैती आदि अपराध हुन नदिनको लागि त मानिसहरुको जीविकोपार्जनको, इलमको बन्दोबस्त गरिदिनु आवश्यक छ, भनी दिघनिकायको कूटदन्तसूत्रमा राम्रोसँग व्याख्या गरिएको छ ।

गौतम बुद्ध एकदिन मगधमा घुम्न जानुभएको बेलामा एउटा आँपको बगैंचामा बस्नुभयो । त्यसबखत त्यहाँ 'कूटदन्त' नाउँ भएको एकजना विद्वान ब्राहमणले महायज्ञ गर्ने भनी प्रतिज्ञा गरिराखेका थिए । गौतम बुद्ध यज्ञ सम्पदाको बारेमा राम्रोसँग जान्नुहुन्छ भन्ने कुरा कूटदन्तले सुनिराखेका थिए । त्यसैले उनले बुद्धकहाँ गई प्रार्थना गरे- 'तीन प्रकारको



Downloaded from http://www.dhamma.digital

महायज्ञको विषयमा स्पष्ट बुझ्नेगरी आज्ञा होस् । '

गौतम बुद्धले यज्ञहोम विधिको व्याख्या गर्दै ब्राहमणलाई आज्ञा गर्नुभयो- उहिले महाविजित भन्ने राजाको पनि यज्ञ गर्ने इच्छा भई आफ्ना पुरोहित ब्राहमण कहाँ गएर प्रर्थना गरे- म चारै दिशालाई पनि विजय प्राप्त गरेर अधिपति भइसकें । मसँग असंख्य धन सम्पत्ति छ । अब मलाई हित सुख हुने राज्य समृद्धिशाली पार्नलाई कुन प्रकारले यज्ञहोम गर्नुपर्ला ? बताइ दिनुहोस् ।

अनि विजित राजालाई सो पुरोहित ब्राहमणाले भन्नुभयो- 'महाराज, सरकारको राज्यमा चोर र डाँकाहरुले सर्वसाधारण जनतालाई ज्यादै नै सताई दुःख दिइरहेका छन् । बाटोमा एक्लै हिंड्नु हुदैन । लूटपाट भइरहेछ । सुरक्षा छैन । यत्रो जनतामा हाहाकार भइ रोग, पीडा र अनेक भयले त्राहित्राहि भइरहेको बेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, बरु अधर्म हो, पुण्य होइन । शायद महाराजालाई यस्तो पनि मनमा पर्नसक्ला- 'मैले यी बदमाश, चोर र डाँकाहरुलाई समातेर शासना दिउँला,देशबाट निकाला गरुँला, मारेर पठाउँला र कठोर दण्डभोग गराई काराबासमा राखी उपद्रव नहुने व्यवस्था मिलाउँला आदि ।'

तर महाराज, यसरी दण्ड आदि दिएर चोर डाँका आदि बदमाश अपराधीलाई नष्ट गर्न सकिन्न । साँच्चै नै देशबाट चोर लुटेराहरुलाई निमित्यान्न पारी शान्ति स्थापना गर्ने हो भने त्यहाँ आर्थिक अवस्था राम्रो पार्नुपर्छ । विजित राजाले सोधे- त्यो कसरी ?

महाराज, कुनै व्यक्तिले सरकारको राज्यमा खेती



Downloaded from http://www.dhamma.digital

गर्ने इच्छा गरेमा त्यस व्यक्तिलाई तपाईले खेतीका सामान र बीउ बिजन आदि दिएर सहायता गर्नु पर्दछ। कुनै व्यक्तिले व्यापार गर्ने इच्छा गरेमा त्यसलाई पूँजी दिनुपर्छ। त्यस्तै कसैले राजदरबारमा जागिर खान चाहेमा त्यसलाई भत्ता सहित तलब दिनुपर्छ।

यसप्रकार ती मानिसहरु आ-आफ्नो काममा लाग्छन् अनि राजाको देशमा कसैले पनि दुःख दिने छैन। सबैले काम पाएमा आ-आफ्नो काममा संलग्न भई नराम्रो कामतिर चिन्तन गर्ने कसैलाई फुर्सद नै हुँदैन। अनि तपाईको राज्य झन् समृद्धिशाली हुनेछ र सबैले सुखपूर्वक जीविका गरेर बस्नेछन्।

राजाविजितले पुरोहित ब्राहमणलाई त्यसै गर्छु भनी आफ्नो राज्यमा गएर ज-जसले खेती गर्न उत्साही छन् उनीहरुलाई आवश्यक कृषि औजार र बीउबीजन दिए, जसले व्यापार गर्ने इच्छा प्रकट गरे उनीहरुलाई पूँजी दिए।

ज-जसले जागिर खाने इच्छा गरे, उनीहरुलाई भत्तासहित उचित तलब उपलब्ध गराइदिए। यसरी सबैलाई कामको व्यवस्था मिलाई दिएकोले देशमा कही कतै पनि अशान्ति भएन। कसैले कसैलाई सताएन। सबै आ-आफ्नो काममा तल्लीन देखिए। सबैले आफ्नो बाल बच्चासँग नाचेर निश्चिन्त भई जीविका चलाएर बसे।

शान्ति ! शान्ति !!

◆◆◆



Downloaded from http://www.dhamma.digital

# चार प्रकारका मनिस

बुद्ध भुन्नुहुन्छ संसारमा चार प्रकारका मानिसहरु छन् :-

१) नेव अत्तहिताय पटिपन्नो नो परहिताय,

२) परहिताय पटिपन्नो नो अत्तहिताय,

३) अत्तहिताय पटिपन्नो नो परहिताय,

४) अत्तहिताय पटिपन्नो परहिताय च

(अंगुत्तरनिकाय)

अर्थः

१) आफूलाई पनि अरुलाई पनि हित हुने काम नगर्ने,

२) अरुको हित हुने काम गर्ने, तर आफ्नो हित हुने काम नगर्ने,

३) आफ्नो हित हुने काम गर्ने, तर अरुको हित हुने काम नगर्ने,

४) आफ्नो पनि अरुको पनि हित हुने काम गर्ने ।

अंगुत्तरनिकाय अनुसार यहाँ १ र२ नम्बर भन्दा ३ नम्बर उत्तम छ । किनभने आफ्नो हितलाई वास्तै नगर्ने र अरुको हित गर्ने राम्रो लागे पनि ३ नम्बरको व्यक्ति उत्तम छ । बुझ्नु पर्ने कुरा के भने आफू ठीक नभएसम्म, तालिम नभएसम्म, बलियो नभएसम्म अरुको भलो र सेवा गर्नु सजिलो काम होइन । सर्वप्रथम आफ्नो उपकार र भलो गर्ने व्यक्ति कसरी उत्तम हुन्छ भन्ने बारे चर्चा गर्नु र बुझ्नु राम्रो होला । यहाँ स्वार्थ हुनुपर्छ भनेको होइन । अर्को



Downloaded from http://www.dhamma.digital

तरिकाबाट भन्ने हो भने आफ्नो उपकार गर्ने र आफु उन्नति हुनुपर्छ । आध्यात्मिक र भौतिक अर्थात् आर्थिक उन्नति हुनुपर्छ । सबैले बुझ्ने भाषामा भन्ने हो भने पैसा पनि आवश्यक हुन्छ ।आजको संसार नै पैसाको भइसकेको छ, आध्यात्मिक उन्नति मात्र भएर पुग्दैन रहेछ । बिना पैसा जीवन सुचारु रुपमा चल्न सक्दैन ।

आफ्नो आध्यात्मिक र भौतिक अवस्था ठीक भएपछि मात्र अरुको हित र भलो हुने काम गर्नु उत्तम छ । यहाँ आफू मात्र ठीक भए उन्नति भए पुग्छ ठान्नु गलत हुनेछ । तर आफू पहिले तालिम हुनुपर्छ भनेको हो । असल बन्नुपर्छ भनेको हो ।

पालि साहित्यमा उल्लेख भएको छ :-

१) बुद्धो सो भगवा बोधाय धम्मं देसेति,

२) तिण्णो सो भगवा तरणाय धम्मं देसेति,

३ दन्तो सो भगवा दमनाय धम्मं देसेति,

४) सन्तो सो भगवा समनाय धम्मं देसेति,

५) परिनिब्बुतो सो भगवा परिनिब्बाणाय देसेति,

अर्थ :

पहिले आफू बोध भएपछि भगवान् बुद्धले अरुलाई बोध हुने धर्मको उपदेश गर्नुहुन्छ । आफू दुःखबाट मुक्त भएपछि अरुलाई दुःखबाट मुक्त हुने कुरा, धर्मको उपदेश गर्नुहुन्छ । पहिले आफूलाई दमन गरेपछि भगवान् बुद्धले आफ्नो मन दमन गर्नुपर्छ भनी अरुलाई धर्म उपदेश गर्नुहुन्छ । पहिले आफू शान्त बनिसकेपछि मात्र भगवान् बुद्ध अरुलाई शान्त हुनुपर्छ भनी धर्मको उपदेश गर्नुहुन्छ । पहिले



Downloaded from http://www.dhamma.digital

आफूले दुःखबाट मुक्त निर्वाण प्राप्त गरेपछि भगवान् बुद्धले दःखबाट मुक्त निर्वाण प्राप्त हुने धर्मको उपदेश दिनुहुन्छ । चार प्रकाका बादल जस्तै व्यक्ति -

१) मेघ गर्जिन्छ तर पानी पर्दैन- मतलब कुरा धेरै हुने तर काम कारवाही शून्य ।

२) पानी पर्छ तर मेघ गर्जिदैन- काम हुन्छ कुरा नगर्ने ।

३) मेघ पनि गर्जिदैन पानी पनि पर्दैन - कुरा पनि काम पनि छैन ।

४) बादल गर्जिन्छ पानी पनि पर्छ -कुरा पनि हुन्छ काम पनि हुन्छ ।

मतलब धर्म कथा सुनेअनुसार आचरण पनि गर्ने, असल मान्छे बन्ने, अरुलाई असल मान्छे बन्ने सुझाव दिने मान्छे । १ नम्बरको व्यक्ति खूब भाषण र प्रवचन दिने तरकाम कारवाही केही नगर्ने ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# अज्ञानी भिक्षुहरु बोध भए

बोध हुने कुरा धेरै व्यक्तिहरुमा पाइदैन। धेरैजसो मानिस हाहामा लागेर यथार्थ कुरा नबुझी धर्ममा लागेको हुन्छ। भगवान् बुद्धको पालामा यशोज भन्ने एक भिक्षु थियो। उहाँले बुद्धसमक्ष धार्मिक शिक्षा हासिल गरी धर्मप्रचारको लागि के के गर्नुपर्छ भन्ने तालिम प्राप्त गर्नुभयो। बुद्धले भन्नुभयो- "आफ्नो आचरण राम्रो हुनुपर्छ। जीवन संयमित हुनुपर्छ। सर्वसाधारणले समेत बुझ्ने, बोध हुने खालको सरल धर्मकथा सुनाउनु पर्छ। धेरै मानिसहरु सफासुग्घर गर्न जाँदैनन्। राम्रोसँग कुरा गर्दैनन्। राम्रोसँग कर्तव्यपरायण भई काम गर्दैनन्। यस्ता यस्ता कुराहरु सुनाउनु पर्छ। काम राम्रो भएको खण्डमा सबैले विश्वास गर्छन्।"

यस्ता कुरा सिकेर, तालिम लिएर टाढासम्म धर्मप्रचारार्थ जानुभयो- यशोज भिक्षु। बुद्धले भन्नुभए अनुसार उहाँले एकदम शान्त जीवन बिताउनुभयो। अनुशासित भइकन धर्म-उपदेश गर्न थाल्नुभयो। उहाँको राम्रो व्यवहार देखेर, उहाँबाट राम्रो कथा सुनेर धेरै युवाहरु प्रभाति भए र भिक्षु भए।

यशोज भिक्षुले युवक भिक्षुहरुलाई समय समयमा भगवान् बुद्धको वर्णन गर्नुहुन्थ्यो। प्रशंसा सुनेर ती भिक्षुहरु बुद्धको दर्शन गर्न लालायित भए र समय समयमा आफ्ना



Downloaded from http://www.dhamma.digital

गुरु भिक्षु यशोजलाई प्रार्थना गर्दथे -"सम्यक् सम्बुद्धको दर्शन गर्न पाए राम्रो हुन्थ्यो कि ? तपाईको कुरा सुनेर मात्र नै हामी यतिका प्रभावित भयौं। बुद्धकै श्रीमुखबाट उपदेश सुन्न पाए हुन्थ्यो, उहाँको दर्शन गर्नपाए छिटो मुक्त हुन्छ कि ?"

भिक्षु यशोजले भन्नुभयो- "तिमीहरु भिक्षु भएको धेरै दिन भएको छैन । धेरै पढ्नुपर्छ, सिक्नुपर्छ, तालिम हुनुपर्छ, जीवनलाई संयम गर्नुपर्छ । भगवान् बुद्धकहाँ गएर जथाभावी कुरा गर्नु हुँदैन । ठूलठूलो स्वरले बोल्नु हुँदैन, राम्रोसँग बस्नुपर्छ, अनुशासित हुनुपर्छ, त्यसै लरोतरो गरी जानु हुँदैन । त्यसैले तथागतको दर्शनार्थ जान हतार नगर । तिमीहरु तालिम भएका छैनौ । तिमीहरुको रहनसहन हिंडाइ-डुलाई, बोलिवचन अझै सुधार्न बाँकी छ । भगवान् बुद्धकहाँ जान तिमीहरु लायक भएका छैनौ । अरु पनि तालिम लिनुपर्छ । अलिक पछि मात्र भगवान् बुद्धको दर्शनार्थ जानु ठीक हुन्छ । अहिले नै त्यहाँ जाने इच्छा नगर" भनेर बारम्बार भनेता पनि शिष्य भिक्षुहरु भने बारम्बार प्रार्थना गर्न आउँथे- "हामीलाई भगवान् बुद्धकहाँ लैजानोस् भगवान बुद्धको दर्शन गर्ने साह्रै इच्छा लागिरहेछ । लैजानुस् भो गुरु"

यशोज भिक्षुले भन्नुभयो- "तिमीहरु मैले भनेको कुरा मान्दैनौ, साह्रै दिक्क लागिसक्यो । म तिमीहरुलाई लैजान्छु । अब जे हुन्छ हेरुँला !" यशोज भिक्षुले आफ्ना सयौं भिक्षुहरुलाई भगवान् बुद्धकहाँ लानुभयो ।

विहारमा पुगेर आवासीय भिक्षुहरुसँग सुख, दुःखको कुरा गर्न थाले । आ-आफू बस्ने ठाउँ खोज्न थाले । ती धेरै संख्यामा आएका भिक्षुहरुले आपसमा कुराकानी गर्दै ठाउँ



Downloaded from http://www.dhamma.digital

खोज्दा विहारमा ठूलो होहल्ला मच्चियो ।ध्यानमा बस्नुभएको बुद्धलाई बाधा भयो । सयौँ भिक्षुहरु गाउँले तरिकाले होहल्ला गरिरहेको सुनी बुद्धले भन्नुभयो- ए आनन्द । को हुन् ती भिक्षुहरु,माछा मार्ने पोडेहरु जस्तै कराइरहने । भन्ते । उनीहरु पोडेहरु होइनन् । उनीहरु भिक्षु यशोजका नयाँ शिष्यहरु हुन् । यी भिक्षुहरु कस्तो शोभित नभएका ? कस्तो हल्ला गरेको ? भिक्षु यशोजलाई बोलाउनु ।

यशोज भिक्षु आउनुभएपछि भगवान् बुद्धले भन्नुभयो- ए यशोज ! कस्ता भिक्षुहरु आफूसँगै ल्याएको नि ? कस्तो अशिक्षित ? कति हल्ला गर्नेहरु ? ती भिक्षुहरु सहित तिमी यहाँ बस्न पाउँदैनौ । बाहिर जाऊ । यहाँ नबस । बुद्धले द्वेष चित्तसहित यसरी भन्नुभएको होइन कि नयाँ भिक्षुहरलाई बोध गर्न सजिलो होस् भनी शिक्षा दिनको लागि त्यस्तो भन्नुभएको थियो ।

त्यसपछि भिक्षु यशोजले उनीहरुलाई भन्नुभयो- भगवान् बुद्धले हामीलाई यहाँ नबस् रे । यहाँबाट छोडेर बाहिर बस भन्नुभयो। मैले तिमीहरुलाई पहिले नै भनेको थिएँ- भगवान् बुद्धलाई भेट्नलायक भएका छैनौ, तालिम भएका छैनौ, शिक्षित भएका छैनौ । राम्रोसँग कुरा गर्नै आउँदैन तिमिहरुलाई । हल्ला मात्र गर्छौ । मैले भनेको कुरा मानेनौ, भगवान् बुद्धलाई बाधा हुने गरी व्यवहार गर्‍यौ । अब जाऔं बाहिरै बसौं ।चित्त दुखाउनु पर्दैन । तिमीहरुमा तालिम नपुगभएकोले भगवान्ले यसरी भन्नुभएको हो । तिमीहरुको रहनसहन नराम्रो भएकोल, अशिक्षित भएकोले नै धपाइनु परेको हो । आ-आफ्ना गल्ती महसुस गर । अब



Downloaded from http://www.dhamma.digital

हामी नजिकैको नदी किनारको जङ्गलमा जाऔं । त्यही तिमीहरुले तालिम लिनुपर्छ । तिमीहरु शिक्षित भएमा, भगवान् बुद्धले स्वयं बोलाउनुहुन्छ । उहाँले करुणायुक्त मैत्री चित्तले हामीलाई विहारबाट धपाइ दिनुभएको हो ।

हामीले अब राम्ररी तालिम लिनुपर्‍यो ।म तिमीहरुलाई शिक्षा दिन्छु । राम्ररी संयमित भई बस । प्रत्येक दिन बिहान उठेर भगवान् बुद्धले हामीलाई धपाउनुभएको अनर्थको लागि होइन, हामीहरु कै भलोको लागि, तालिम लिनकै लागि मैत्री करुणासहित धपाउनुभएको हो भनी सम्भिन्नु पर्‍यो । उहाँप्रति कुनै प्रकारको पनि द्वेषभाव नराख्ने, भगवान् बुद्ध महान असल गुरु हुनुहुन्छ त्यसैले उहाँलाई देख्नासाथ मन स्वच्छ हुन्छ । पाप चेतनाबाट मुक्त हुन्छ भन्ने ठानेर आयौं । मन शुद्ध भएपछि पापबाट मुक्त हुनेछौं । भिक्षु जीवनको ठूलो विशेषता छ । हिंड्दा पनि शान्त हुनुपर्ने, खाँदा पनि संयमित हुनुपर्ने मन कहाँ जान्छ होस राख्नुपर्ने, मनमा नराम्रो संयमित हुनुपर्ने मनमा नराम्रो भावना आयो भने तुरुन्तै होस राखी असलविचार ल्याउनु पर्छ । आफ्नो गल्तीलाई महसुस गर्नुपर्छ ।

(पालि उदानको आधारमा प्रस्तुत )

यसरी यशोज भिक्षुले आफ्ना युवक शिष्यहरुलाई सम्भाउँदै तालिम गर्न थाल्नुभयो । अरु-अरु भएको भए भगवान् बुद्धकहाँ टाढा टाढाबाट भेटघाट र दर्शन गर्न ल्याउँदा बस्ने मौका दिनुपर्ने, भन विहारबाट धपाइदिनुभयो भनेर त्यही कल्पना गर्दै, त्यही सोच्दै असन्तोष हुने थिए होला । तर यशोज भिक्षुमा त्यस्तो विचार आएन । बरु युवक भिक्षुहरुलाई नै सम्भाउन थाल्नुभयो । उता ती अशिक्षित



Downloaded from http://www.dhamma.digital

युवक भिक्षुहरुले पनि आफ्नो कमजोरी महसुस गरे- हामी नै दोषी हौं । हामी त्यहाँ गएर हो हल्ला गर्‍यौं । आफ्नो आसन र सुत्ने व्यवस्था मै अलमलियौं । यी अशिक्षितयुक्त व्यवहार गर्दा भगवान् बुद्धले विहारबाट धपाइदिनुभएको हो । फलस्वरुप बोध हुँदै पछि भगवान् बुद्धले आनन्दसँग सोध्नुभयो- ए आनन्द ! यशोज भिक्षुसँग आएका ती गाउँले भिक्षुहरु कहाँ गए ? उनहिरु नजिक नै छन् वग्गुमुदा नदिको किनारको जङ्गलमा बसेर ध्यान भावना गर्दैछन् । आनन्दको उत्तर थियो ।

भगवान् बुद्धले फेरि सोध्नुभयो- अहिले कस्ता छन् त तिनीहरु ?

आनन्द भिक्षुले भन्नुभयो- उनीहरु पहिले जस्ता अशिक्षित होइनन्, अहिले खूब तालिम भएका छन् । खूब शान्त स्वभावका भएका छन् । उनीहरुलाई भगवान् बुद्धले बोलाउनुभयो ।

यहाँ बुझ्नुपर्ने कुरा के छ भने- भगवान् बुद्धले निकालिदिनुभयो भनेर दुःखी मन नगरी बोध भए । यो बौद्ध चरित्र हो । यस्तै चरित्र सुधारका लागि भगवान् बुद्धले उपदेश दिनुभएको हो । सबै जनामा बोध हुने लक्षण देखिदैन । बोध नभएको खण्डमा राम्रो नतिजा फल पाईंदैन । जस्तै कि आजभोलि सरकार चलाउने पार्टीबीच शान्तिको लागि सहमति कुरा गर्ने तर काम कारवाहीअसहमतिले सधैं निष्कर्ष हीन मात्र हुन्छ । सही समझदारी नहुँदा बोध हुने लक्षण देखिदैन ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# बुद्ध र उनको शान्ति शिक्षा

संसारले भगवान् बुद्धलाई "शान्तिको नायक" नामले चिन्ने गरेको छ । त्यसैले हामीले बुझ्न परेको छ, भगवान बुद्ध शान्ति नायक कसरी बन्नुभयो र उहाँको शान्ति सन्देश के थियो ?

हुन त बुद्ध शिक्षाको उद्देश्य नै मानिसलाई असल बनाउनु हो । मानिस असल बन्नको लागि इमान्दारिता, कर्त्तव्यपरायण, सहनशीलता र घमण्डी नबन्ने जस्ता असल गुणहरु हुनु जरुरी छ ।

हामीले बुझ्नुपर्ने कुरा के छ भने सिद्धार्थ कुमार पहिला आफू योग्य र असल व्यक्ति बन्न धेरै अभ्यास गर्नुभयो । उहाँले आफ्नो मनमा लुकिराखेका खराब संस्कारहरुलाई सम्पूर्ण रुपमा पखाली सकेपछि मात्र बोधि ज्ञान प्राप्तगरी बुद्ध बन्नु भएको थियो । यसरी उहाँ शुद्ध पवित्र ज्ञानी एवं असलमानिस बनी शान्ति नायक बन्न सफल हुनुभयो । शान्ति नायक बनिसक्नु भएपछि मात्र उहाँले संसारका मानिसहरु असल व्यक्ति बनी शान्ति प्राप्त गर्नका लागि नभईनहुने अत्यावश्यक पाँचवटा बुँदाहरुको विवरण सबैकोअगाडि पेश गर्नुभएको थियो । ती बुँदाहरु यसरी छन्-

१) आहार सप्पाय-

असल मानिस बन्नका लागि मानिसलाई उचित खानाको राम्रो व्यवस्था हुनुपर्छ ।किनभने सबै प्राणी आहारमा



Downloaded from http://www.dhamma.digital

निर्भर छन् । खाना बिना कोहीपनि प्राणी बाँच्न सक्दैन । सिद्धार्थले खाना नखाइकन भोको पेटले तपस्या गर्नुहुँदा बुद्धत्त्व लाभ गर्न सक्नु भएन । जब उहाँले आहार सेवन गर्नुभयो, तब मात्र बुद्धत्त्व प्राप्त गर्न सफल हुनुभयो । त्यसैले उहाँले भन्नुभएको थियो-

"असल मानिस बन्नको लागि र शान्ति प्राप्त गर्नको लागि खानाको राम्रो प्रबन्ध हुनु अनिवार्य छ । "

खान नपाएको कारणलेमानिसहरुले आत्महत्या सम्म पनि गर्नुपरेको घटनाहरु समेटिएका समाचारहरु समय समयमा हामीले विभिन्न पत्र पत्रिकाहरुमा पढ्न पाउँछौं । त्यति मात्र होइन, खानाको लागि आफ्ना बालबच्चाहरु समेट बिक्री गर्नुपर्ने घटनाहरु पनि नघेटका होइनन् । कतिपयले त वेश्यावृत्तिमा समेत संलग्न हुनुपरेको घटना पनि पाइन्छ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ-

"अपराधको मूल कारण गरीबि हो । "आधारभूत आवश्यकताको रुपमा रहेका ४ तत्त्वहरु खाना, वस्त्र, वासस्थान र औषधोपचारको व्यवस्था हुन सकिएन भने मानिसहरु नैतिकवान बन्न कठिन हुन्छ ।

यी आधारभूत आवश्यकता अर्थात् चतुप्रत्यय पूरा हुन सकिएन भने साधारण जनता मात्र होइन, त्यागी भिक्षुहरु समेत नैतिकवान बन्न कठिन हुन्छ भनी भगवान् बुद्धले भन्नुभएको थियो । त्यसैले हामीले भन्न सक्छौं- आधारभूत आवश्यकता पूरा भएपछि मात्र आध्यात्मिक उन्नति हुन सक्छ ।

२) विहरण सप्पाय-

असल मानिस बन्नका लागि बस्ने ठाउँको राम्रो



Downloaded from http://www.dhamma.digital

व्यवस्था हुनुपर्छ । बस्ने ठाउँको उचित व्यवस्था हुन सकेन भने पनि हाम्रो मनले सन्तोषको श्वास फेर्न सक्दैन । उदाहरणको लागि हाम्रो देशमा मात्र होइन अरु कतिपय देशहरुमा पनि सुकुम्बासी समस्याले पिरोलेको छ । नदी किनारमा झोपडी बनाई बसेका मानिसहरुलाई समय समयमा बाढीले बगाएर लगेको घटनाहरु घटिरहन्छन् । जाडो याममा सीत लहरले कटयाँग्रिएर कतिपय गरीबहरले ज्यान गुमाउँछन् । त्यसैले असल मानिस बन्ने कार्यमा उचित बास स्थानले ठूलो भूमिका खेलेको देखिन्छ ।

३) पुग्गल सप्पाय-

आफू संगै बस्ने व्यक्ति असल चरित्रको हुनुको साथै सरुवा रोगी नभएको हुनु पर्छ । स्वार्थी, क्रोधी, असन्तोषी र अहंकारी स्वभाव जस्ता खराव चरित्र सहितका व्यक्तिसंग जीवन विताउनु पर्दा असल मानिस बन्न बाधाहरु उत्पन्न हुन्छ ।

४) उतुसप्पाय-

मौसम अनुसारको अनुकुल लुगा लगाउन नपाउँदा पनि मानिसले सुखपूर्वक जीवन बिताउन नसकिने हुन्छ । जाडो याममा न्यानो लुगा लगाउन नपाउँदा स्वास्थ्यको स्थिति बिग्री मानिसहरुले ज्यान गुमाउनु परेको धेरै समाचारहरु सुन्नमा आउने गर्छ ।

५) अज्झासय सप्पाय-

विचारधारा मिलेको व्यक्ति अर्थात् मन मिलेको व्यक्तिसँग जीवन बिताउन पाएमा मात्र हाम्रो जीवन शान्तपूर्वक बिताउन सजिलो हुन्छ । तर यो कुरा राम्रो भएपनि यसलाई गम्भीर प्रश्नको रुपमा लिन सकिन्छ । किनभने एउटै



Downloaded from http://www.dhamma.digital

परिवारको चार पाँचजना सदस्यहरुमा त विभिन्न मत उत्पन्न भई मतभेदको स्थिति सृजना हुन थाल्छ। यसरी नै भगवान् बुद्ध परिनिर्वाण हुनु भएपछि भिक्षुहरुको समूहमा एक आपसमा विचार नमिलेको कारणले महायान, हीनयान (थेरवाद), वज्रयान आदि विभिन्न सम्प्रदाय खडा भई एक आपसमा विभाजन हुन पुगे। भगवान् बुद्धले बताउनु भएको शिक्षामा साम्प्रदायिक भावना, पूर्वाग्रह, जातीभेद र वर्गभेदको नामोनिशान थिएन। तर पछि भिक्षुहरु बीच एक आपसमा विचार धारा मिल्न नसक्दा अनेक विकार र विकृतिहरु उत्पन्न हुनथाले।

यसरी नै आज भोली हाम्रो देशका जनताहरुले भोग्न परिरहेका असन्तुष्टी एवं अशान्तिको कारण पनि राज्य संचालन गर्ने व्यक्तिहरु बीच पैदा भएका पूर्वाग्रही विचार एवं एक आपसको बेमेल विचार धारा नै देखिन्छ। अशान्तिपूर्ण जीवनको अर्को एक कारण जति भएपनि नपुग्ने तृष्णारुपी असन्तुष्ट बानी हो। त्यसैले भगवान बुद्धले दुःखको मूल कारण नै तृष्णा हो भन्नु भएको छ।

यी माथि उल्लेखित ५ वटा बुँदाहरु हामी माझ विद्यमान रहेमा मात्र हामीले आफूलाई ठीक मार्गमा लगाई ज्ञानी बनाउन सजिलो हुनेछ। हामी यसरी असलमानिस बनेपछि मात्र हामीले साँचो मानसिक शान्ति प्राप्त गर्न मद्दत मिल्नेछ। मानसिक शान्ति प्राप्त गर्न सक्नुलाई नै बुद्धको शिष्य बन्न सफल भएको मानिन्छ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# बोधिचित्त

बोधिचित्त शब्द बोधिसत्वसित घनिष्ठ सम्बन्ध भएको बुझिन्छ । भविष्यमा बुद्ध हुने व्यक्तिलाई बोधिसत्त्व भनिन्छ । बोधिचित्त बिना बोधिसत्त्व हुन सक्तैन । बोधिचित्त शब्दको अर्थ निस्वार्थ भावनाले परोपकार गर्नुहो । निष्काम कर्म भने पनि हुन्छ । बोधिसत्त्वले अरुको उपकारको लागि प्राण समेत त्याग गर्न हिच्किचाउँदैन । साधारणतः यसलाई महापुरुष गुण पनि भनिन्छ । बोधिसत्त्वको त एउटा मात्र इच्छा छ, बुद्धत्त्व प्राप्त गरेर बहुजन हित र सुखको ज्ञान प्रचार गर्नु ।

बुद्ध भन्नुहुन्छ- महापुरुष बन्नको लागि उनमा मैत्री गुण अर्थात् कोमल हृदय करुणा (दया), प्रज्ञा (विवेक बुद्धि) आदि गुणहरु हुनुपर्छ । यो कुरा बुझ्नको लागि केही घटनात्मक कुरा प्रस्तुत गर्नु अनुचित नहोला । हामी अखबारमा समय-समयमा छापिएका समाचार पढ्छौं । खोलामा बगिरहेको मानिसलाई उद्धार गर्दा कतिपयको ज्यान गुम्छ । कसैको घरमा आगो लागेको बेलामा आगो निभाउन र सामानहरु बचाउने प्रयत्न गर्दा ज्यान गुमाउनेहरु पनि छन् । यो करुणा भएको व्यक्तिको उदाहरण हो । अर्को भाषामा भन्ने हो भने बोधिचित्त भएको व्यक्तिको लक्षण हो । बोधिचित्त भएको व्यक्तिमा कुनै प्रकारको जाति, लिङ्ग, भेद हुँदैन । परोपकार गर्ने भावना मात्र हुन्छ ।



Downloaded from http://www.dhamma.digital

बोधिचित्त हुने व्यक्तिमा शुद्ध मैत्री गुण हुन्छ। मैत्री भन्दा खेरी हृदय नरम र स्वच्छ सहयोग तथा दयापूर्ण गुण हो। शुद्ध निस्वार्थ भावनाले परोपकार गर्ने व्यक्तिमा बोधिचित्त हुन्छ। आजभोलि सहयोग र सहमतिको चर्चा भैरहेको हामी सुन्छौं तर काम चाहिं असहयोग र असहमतिको देखिन्छ। यस्ता व्यक्तिमा पटक्कै बोधिचित्त भएको देखिदैन। किनभने उसमा आफ्नो मात्र स्वार्थ पुरा गर्ने मनोवृत्ति निहित देखिन्छ। साधारणतया शान्तिका लागि बोधिचित्त अर्थात् शुद्धमैत्री गुण मानिसमा हुनुपर्छ। यो सही मानविय गुण हो। मैत्री हराएमा मानिसमा क्रोध उत्पन्न भएर दानवरुप लिन सक्छ।तसर्थ मैत्री र करुणा दुवै पवित्र बोधिचित्तको चिन्ह हो। यहाँ प्रजातन्त्र र साम्यवादको प्रश्न हुँदैन। यहाँ स्मरणीय कुरा बुद्ध शिक्षा अनुसार बोधिचित्तको लागि मानिसको मन निर्मल एवंम् पवित्र हुन आवश्यक छ। यसको लागि शुद्ध धर्मचेतना आवश्यक पर्छ। जसलाई बुद्ध भन्नुहुन्छ- व्यक्ति अन्तर्मुखी नवनुञ्जेल मानिस धार्मिक बन्न सक्दैन। बुद्धं शरणं गच्छामि भन्दैमा बोधिचित्त हुन सक्दैन।

शुद्ध धर्म प्रचारको उद्देश्य लिएर बुद्ध विहारको निर्माण भएको हो। अपवाद स्वरुप अहिले कतिपय मठ मन्दिर र विहारहरु व्यापारिक केन्द्र बन्न थालेका छन्। जहाँ गरीबका कुनै पहुँचका विषय हुँदैन। जहाँ गरीब एवं कमजोर वर्गका लागि वहुजन हिताय सुखायको कार्यक्रम शिक्षा, स्वास्थ्य एवं सेवा हुँदैन। जहाँ धर्म पनि हुँदैन। धर्म भनेको मानिसले मानिसको दुःख हटाउनु हो। अर्थात् मानिसले मानिसको आँसु पछ्नु हो। धर्म कुनै थलो, वस्त्र वा संस्था



Downloaded from http://www.dhamma.digital

मात्र होइन, चित्त शुद्धता चिन्तन पवित्रता र सेवा भावनामा नै धर्म लुकेको हुन्छ। तसर्थ प्रत्येक धर्मालम्बीहरुमा बोधिचित्त हुनु राम्रो होला।

बोधिचित्तको सन्दर्भमा मुदिता चित्तको चर्चा हुनु सान्दर्भिक हुन्छ जस्तो लाग्छ। मुदिता चित्त पनि बोधिचित्तको गुण हो। मनको प्रफुल्लता प्रसन्नता र शुद्ध आनन्दको अवस्था मुदिता गुण हो। संकीर्ण र संकुचित तथा ईर्ष्या भावना रहित चित्तको अवस्था मुदिता गुण र बोधिचित्त हुन्छ। अरुको उन्नति र प्रगति तथा राम्रो काम देखेर मनमा आउने आनन्द र हर्ष हुने अवस्थालाई मुदिता चित्त, बोधिचित्त भनिन्छ। अपवाद स्वरुप मानिसहरुले अनैतिक र अन्याय ढङ्गमा भ्रmेल काम गरेर उन्नति र विजयी गर्नेहरु पनि छन्। त्यस्तो अवस्था देखेर बोधिचित्त अर्थात् मुदिता चित्तको अनुभव हुन गाऱ्हो छ। यसै सन्दर्भमा बुद्ध भन्नुहुन्छ- अत्तदत्थं परत्थाय वहुनापि न हापये अर्थात् परोपकार गर्दा आफ्नो जीवन बर्वाद गर्ने उचित छैन। जेहोस् बोधिचित्त उत्पन्न भए शान्ति स्थापना गर्न सहयोग मिल्ला कि बोधिचित्त हुँदा मानिस असल हुन्छ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# सम्यक वचन

भगवान बुद्धले शान्तिका लागि मध्यम मार्ग रुपी आचार संहिताको उपदेश दिनुभएको छ । यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । उहाँलेनिर्देश गर्नुभएको आचार संहितामा आठवटा बुँदाहरु छन् । ती हुन्- सम्यकदृष्टि (ठीक समझदारी), सम्यक संकल्प (सही उद्देश्य), सम्यक वचन (सही बोली), सम्यक कर्मान्त (उचित काम), सम्यक आजीव (सही जीविका), सम्यक व्यायाम (ठीक प्रयत्न), सम्यक स्मृति (ठीक होश), सम्यक समाधि (सही एकाग्रता) । यी आठ बुँदाहरु मध्ये हामी यहाँ सम्यक वचनको मात्र चर्चा गर्न खोज्दैछौ । सम्यक वचनको अर्को परिभाषा हो- सत्यवचन, प्रियवचन, असल वचन, एवं धर्मवचन ।

सम्यक वचनको अंग पूर्ण हुनको लागि असत्यवचन चुकली वचन, कडा एवं फोहोरो वचन, कसैलाई काम नलाग्ने व्यर्थको गफी वचन, आदिबाट अलग्ग रहन सक्नु पर्दछ । प्रिय वचन मन नपर्ने को होला ?आफूले पालिराखेको कुकुरलाई त कडा वचन मन पर्दैन । तर बुद्ध शिक्षानुसार ठीक वचन सम्यक वचन हुनको लागि कडा वचन बोल्नै नहुने भन्ने त छैन । असत्य वचन बोल्नै नहुने भन्ने कट्टरता पनि छैन ।यहाँ प्रमुख कुरो त जुन वचनले आफू रअरुको भलो र हित सुख हुन्छ, समाजलाई शान्ति प्रदान गर्दछ लोककल्याण हुन्छ, त्यो वचन कडा र असत्य भएपनि सम्यक वचन हुन जान्छ । जुन वचनले आफू र अरुको अहित गर्छ समाजमा अशान्ति ल्याउँदै, देशमा अशान्ति ल्याउछ, कलह र झैझगडा ल्याउँछ, त्यो



Downloaded from http://www.dhamma.digital

वचन जतिसुकै कर्णप्रिय र सत्य वचन भएपनि त्यस प्रकारको वचनमा खतरनाक उद्देश्य लुकेको हुन्छ । बुद्ध शिक्षानुसार त्यस्तो वचनलाई आर्य अष्टाङ्गिक मार्गमा स्थान छैन ।

त्यसैले बुद्ध शिक्षानुसार यदि अरुलाई हित र भलो हुने भए अप्रिय र कडा वचन प्रयोग गरेर हानी हुँदैन । आमा बुबाले आफ्ना सन्तानलाई, गुरुले शिष्यहरुलाई अर्ति उपदेश दिंदा कहिलेकाहिं कडा र अप्रियवचन समेत प्रयोग गर्नुपर्ने हुन्छ । तर त्यस वचन भित्र उनीहरुको भविष्य सपार्ने उद्देश्य लुकेको हुन्छ । औषधी तीतो भएपनि खाँदा वेश हुन्छ । किनभने यसले हाम्रो शत्रु रोगलाई धपाईदिन्छ ।

यसरी नै बुद्ध शिक्षानुसार सत्यकुरो हो भन्दैमा जहाँ पनि जहिले पनि बोल्न हुन्न । यसले भयानक खतरा निम्त्याउन सक्छ । त्यसैले समयानुसार वातावरण नियाली धेरै व्यक्तिको हित सुखलाई होश गरी बुद्धि पुऱ्याएर मात्र कुरा गर्नु बुद्धिमानी हुनेछ । जेहोस् न्यायपूर्ण पक्षपात रहित बोलीले मात्र सबैको कल्याण हुनेछ ।

यसको लागि बुद्धकालिन घटना एउटा प्रस्तुत गर्नु उचित हुनेछ । किशागौतमी नाम गरेकी महिला विवाहित भइसकेपछि चार पाँच वर्ष सम्म पनि निसन्तान नै हुन पुगिन् । त्यसैले गर्दा त्यस समयको समाजका लागि उनी अलक्षिणा हुन पुगिन् । परिवारले उनीप्रति राम्रो व्यवहार गर्न सकेनन् । अकस्मात् चार पाँच वर्षपछि उनी गर्भवती भइन् र पुत्र जन्माइन् । अनि उनी लक्ष्मी बनिन् र सम्मान् पाइन् तर अभाग्यवस चार पाँच वर्षको हुँदा वालकको मृत्यु भयो । विचरी किशागौतमीले मरिसकेको त्यस बालकको शवलाई बोकेर वैद्यहरुकहाँ पुगिन् र मृत बालकलाई जिलाईदिन



Downloaded from http://www.dhamma.digital

अनुरोध गरिन् । वैद्यहरुले विचरी किशा गौतमीको मनः स्थितीलाई बुझ्न सकेनन् र "यो बालक मरिसक्यो यसलाई जिलाउन सकिन्न "भनी सत्य कुरा बताई असमर्थता प्रकट गर्न पुगे । उनीहरुको यस सत्य वचनले किशागौतमीको घायल मनलाई औषधी लगाउनुको सत्ता झन घायल पारिदिए । उनी छट्पटिदै अन्य वैद्यहरुको खोजीमा लागे आफ्नो मृत बालकलाई विउँझाउने आशाले । त्यही समयमा एक व्यक्तिले उनीलाई भगवान् बुद्ध समक्ष जाने सल्लाह दिए । उनी भगवान् बुद्ध समक्ष पुगिन् आफ्नो मृत छोरोलाई च्याप्दै । भगवान् बुद्धले उनको अज्ञानतालाई थाहा पाउनुभई भन्नुभयो- "बहिनी । तिम्रो छोरोको रोग चर्को छ । उसलाई बचाउन एक विशेष औषधी बनाउनु पर्छ । त्यसको लागि तिमीले एकमुठ्ठी तोरी लिएर आउनुपर्छ । तर तिमीले कोही पनि व्यक्ति नमरेको परिवारबाट त्यो तोरी ल्याउनुपर्छ । "

छोरो बचाउने लोभले किशागौतमी तोरी एकमुठ्ठी खोज्न दगुरिन् । घरघर धाउन थालिन् उनी एकमुठ्ठी तोरी पाउन । उनीले तोरी त पाइन् तर कुनै पनि सदस्य नमरेको परिवार भने भेट्टाउन सकिनन् । हरेक परिवारमा कुनै न कुनै सदस्य मरिसकेको कुरा बताइ ल्याए । त्यसैले उनी निराश बनिन् । उनी निन्द्राबाट विउँझे जस्तै भइन् र सोचिन्- त्यत्रो समाजमा सबैले आफ्ना परिवारका सदस्यहरु मध्ये कोही न कोही सदस्यहरु गुमाइरहेका नै रहेछन् । परिवार गुमाउनु पर्ने समय एकदिन सबैलाई आउने नै रहेछ । मैले मात्र मेरो छोरो गुमाउनु परेको रहेनछ । सबैले यो दुःखद घडी भोगिरहेकै रहेछ । संसारमा जन्मेपछि सबैले एक दिन मर्नु पर्दो नै रहेछ । अरुले त चुपचाप सहेर बसेका छन् भने



Downloaded from http://www.dhamma.digital

मैले मात्र किन यसरी विलाप गर्दै हिंड्नु ? बुद्धले त मलाई सत्य तथ्य कुरा बुझाई मेरो शोक रुपी रोग हटाउन औषधि दिनको लागि तोरी खोज्न पठाउनु भएको रहेछ ।" यहि सोची उनी भगवान बुद्ध समक्ष फर्केर आई भनिन्- "भो महावैद्य ! अब मेरो छोरोको लागि औषधि चाहिएन । म अज्ञानी बनेकी थिए । अब मलाई होश आयो । तपाईंले मेरो पागलपन हटाउन औषधी दिनुभयो । म वोध भएँ । "

यहाँ भन्न खोजिएको कुरो के भने गौतम बुद्धले अन्य बैद्यहरुले जस्तै मरिसकेको बालक पनि बाँच्छ र ? यसलाई बचाउन सकिंदैन भनी सत्य वचन बोलिदिएको भए त्यस सत्य वचनले किशागौतमीको पागलपनलाई औषधी गर्दैनथ्यो । यस्तो वचनले त उनीलाई झन पागल बनाइ उनको जीवन नै वरबाद पारिदिने थियो होला । तर उहाँ भगवान् बुद्धले "तिम्रो छोरोलाई मैले औषधी गरी विउँताई दिनेछु । परिवारको सदस्य एउटा पनि नमरेको घरबाट एक मुठ्ठी तोरी ल्याईदेऊ औषधी बनाउनको लागि भनी उनीलाई तोरी खोज्न पठाउनु भएको यस वचन साधारण सोचाईमा असत्य देखिएता पनि यही वचन किशागौतमीको लागि औषधी बनिदियो । जुन वचनले किशागौतमीले संसारको यथार्थ स्वभाव बुझी बोध भइन् र साँचो शान्ति प्राप्त गर्न सफल भइन् । त्यसैले हामीले थाहापाउनु पर्ने कुरो यही हो, जुन बोलीले कल्याणकारी हीत सुख प्राप्त गर्न मद्दत पुग्छ, त्यही बोली सम्यक हुनेछ, चाहे त्यो बोली असत्य नै किन नहोस्, कडा वचन नै किन नहोस्, असल बचन हुनेछ ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# भव चक्रबाट मुक्त धर्मचक्र

सिद्धार्थ कुमारले आफू एक्लै सुखपूर्वक जीवन बिताउनका लागि राजदरवार त्याग्नु भएको होइन । आफू पनि दुःखबाट मुक्त हुने र अरुलाई पनि दुःखबाट मुक्त हुने बाटो देखाउने इच्छा लिएर उहाँले राजदरवार त्याग्नु भयो ।

यहाँ "सुखपूर्वक जीवन बिताउनेआशा" । "दुःख रहित जीवन बिताउने आशा"मा धेरै फरक देखिन्छ । सुखपूर्वक बस्ने आशाले मनमा गन्हौं एवं भारीपनाको महशूस गराउँछ भने दुःखबाट मुक्त हुने आशाले हलुका र आनन्दको अनुभव गराउँछ । किनभने सुखपुर्वक जीवन बिताउने आशा सहितको मनमा स्वार्थी भावना लुकेको कारणले यो मन शुद्ध हुँदैन । तर दुःख रहित जीवन बिताउने आशा सहितको मन निश्वार्थ हुने हुनाले यो शुद्ध हुन्छ ।

आफ्नो शरीरलाई चाहिदो मात्रामा खाना खान नदिई कठोर तपस्या गरेमा मात्र ज्ञान, लाभ हुनेछ भन्ने अन्धविश्वासलाई मनन गर्नुहुँदै सिद्धार्थ कुमारले पनि तपस्या गर्नुभएको थियो । तर यस प्रकारको तपस्याले उहाँलाई ज्ञान प्राप्त भएन । शरीरलाई दुःख दिने तपस्या ठीक ठहरिएन । त्यसैले उहाँले पछि अन्तर्मुखी हुने विपश्यना ध्यान अभ्यास गरी आफूले आफैलाई चिनेर आफ्नो मनमा लुकिराखेको



Downloaded from http://www.dhamma.digital

नराम्रो संस्कारलाई पखाल्ने प्रयास गर्नुभयो। अनि यो संसार अज्ञानता र तृष्णाको बसमा परेकोले दुःख भइरहेको भन्ने ज्ञान पत्ता लगाउनु भयो। तृष्णाबाट मुक्त हुनसके, कुनै चीजमा आशक्त नभएमा मात्र दुःखबाट मुक्त हुन सकिनेछ। दुःख अन्त्य हुने बाटो पनि रहेछ भन्ने कुरा बुझ्नुलाई यसलाई अभ्यास गर्ने प्रयत्न गर्नुभयो। फलस्वरुप मनको मयल अर्थात् नराम्रो संस्कारलाई त्यागदै उहाँले बोधिज्ञान प्राप्त गर्नुभयो र बुद्ध हुनुभयो।

बुद्धत्त्व प्राप्त भइसकेपछि सिद्धार्थ कुमारलाई पहिले कहिले पनि अनुभव नभएको आनन्द प्राप्त भएको कुरा पालि उदानमा उल्लेख भउको पाइन्छ। त्यसपछि भगवान् बुद्धले आफूले प्राप्त गर्नुभएको ज्ञान प्रचार गर्नुपर्‍यो भनी विचार गर्नुभयो। तर यस अवस्थामा पुगेपछि उहाँ निराश बन्नुभएको थियो। किनभने साधारण मानिसहरु त धेरैजसो अज्ञानी र स्वार्थी बुद्धिका छन्। भगवान् बुद्धले अनुसन्धान गरी पत्ता लगाउनु भएको ज्ञान गम्भीर भएकोले ती मन्द बुद्धिका साधारण व्यक्तिहरुले बुझ्न त्यत्ति सजिलो हुनेछैन। तिनीहरु ससाना कुरामा पनि सहन नसकी निहूँ खोज्दै बदला लिन तम्सिने खालका छन्। लोभी र स्वार्थी भावनाले ग्रस्त रहेका ती व्यक्तिहरुलेबुद्ध शिक्षालाई व्यवहारमा उतार्न त्यति सजिलो हुनेछैन आदि विचार गर्नुहुँदै धर्म प्रचार गर्न हतोत्साही हुनुभयो। तर एकछिनपछि उहाँले फेरि विचार गर्नुभयो- "मैले के उद्देश्य राखी बुद्धत्त्व प्राप्त गरेको थिएँ ? संसारका सबै मानिसहरु अज्ञानी र मूर्ख त छैनन् नि ! ममा आएको यो पलायनवादी विचार ठीक भएन। मसंगै तपस्या गरिरहेका



Downloaded from http://www.dhamma.digital

पञ्चभद्रवर्गीहरु सबै मिथ्यादृष्टि सहितका भएपनि उनीहरुको मनमा लुकिरहेकोज्ञानको मूल फुटेर आउन सक्छ। उनीहरु अहिले सारनाथमा बसिरहेका छन्। उनीहरुलाई मैले ज्ञान बोध गराउन जानुपर्छ।"

यति विचार गर्नुभइभगवान् बुद्ध सारनाथ तर्फ लाग्नुभयो। टाढैदेखि भगवान् बुद्धलाई देख्दा पञ्चभद्रवर्गीहरुले कुरा गर्न थाले- "तप भ्रष्ट सिद्धार्थ त अहिले हाम्रै शरणमा आउँदैछ। अब हामीले उसलाई वास्ता नै नगरौं। तर बुद्धको शुद्ध मैत्री, करुणा र सत्यको तेजले गर्दा उनीहरु चुपचाप बस्न सकेनन्। उनीहरुले भगवान् बुद्धको व्यक्तित्त्व देखि प्रभावित भई उहाँलाई स्वागत सत्कार गर्नथाले।

भगवान् बुद्धले उनीहरुलाई धर्मचक्रको कुरा सुनाउनु भयो। यो घटना अषाढ पूर्णिमाको दिन घटेको थियो। भगवान् बुद्धले भन्नुभयो -

"हे पञ्चभद्रवर्गी ! मैले चार आर्यसत्य र आठवटा आर्यमार्गहरु पत्ता लगाएर त्यसलाई अध्ययन गरें, अभ्यास पनि गरें। अभ्यास मात्र गरेर पनि पुग्दैन रहेछ। ममा लुकेर बसेका नराम्रा पुराना संस्कारहरु त्यगिदिएँ। चतुआर्य सत्यको बारेमा मेरो आँखा खुल्यो, ज्ञान प्राप्त भयो, प्रज्ञा प्राप्त भयो। पहिले नबुझेको बुझ्न थालें। यस संसारमा दुःख छ, दुःखका कारणाहरु छन्, दुःख अन्त्य हुन सक्छ र दुःख अन्त्य हुने बाटोहरु पनि छन् भनी पत्ता लगाएँ। यी ज्ञानका कुराहरु बुझ्नका लागि मध्यम मार्गमा लाग्न आवश्यक छ। सुखपूर्ण विलासितामय र दुःख कष्टमय जीवन त्यागी मध्यम मार्ग अपनाउनु पर्दछ। दृष्टि सोझो हुनुपर्छ। नियत राम्रो



Downloaded from http://www.dhamma.digital

हुनुपर्छ ।बोली, वचन र सही काम प्रयत्न सही हुनु पर्‍यो । होश् ठीक ठाउँमा राखी चित्त एकाग्र हुनुपर्‍यो । अनि दुःखको कारण तृष्णा र आशक्तिपना होभन्ने कुरा थाहा पाइनेछ । आफ्नो शरीरलाई आवश्यक खाना नखाइकन तपस्या मात्र गरेर ज्ञान प्राप्त गर्न सकिन्न । "

यति कुरा सुनिसकेपछि पञ्चभद्रवर्गीले विचार गरे- "यस्तो ज्ञानको कुरा सिद्धार्थले पहिला कहिले पनि गर्नुभएको थिएन । अहिले त सिद्धार्थले पक्कै पनि ज्ञान प्राप्त गरेकै रहेछ । हामीले पनि अब पुराना संस्कार त्यागी उहाँले बताउनु भएको ज्ञान अनुसार आचरण गरौं । यसरी उनीहरुले पनि बुद्ध शिक्षा अनुशरण गर्दै बोध भई सांसारिक दुःखबाट मुक्त भए ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अंगुलिमालको कथा

अंगुलिमालको खास नाम अहिंसक थियो। अंगुलिमाल त पछिको नाम हो। अंगुलिमाल शुद्ध मानिस अहिंसक छँदा उनी एक विद्यार्थी थिए। विद्या अध्ययनमा उनी असाधारण थिए। उनी जेहेन्दार र मेहेनती तथा इमान्दार ज्ञानी थिए। एकातिर उनी अनुशासन प्रिय थिए त अर्कोतिर गुरुभक्तिमा जिउज्यान दिन पनि हिच्किचाउँदैनथे। उनको श्रेणीमा अरु सबै विद्यार्थीहरु पढ्थे, परन्तु अहिंसक जस्तो प्रतिभाशाली अरु निस्कन सकेनन्। अहिंसकको प्रतिभा र अनुशासनप्रियताले गुरुजीलाई विशेष प्रभाव परेको थियो। यसर्थ गुरुजी अहिंसकलाई स्नेह र माया पनि गर्दथे। अहिंसक पढाइमा जति तेजिला थिए, परीक्षाफलमा पनि उनले अग्रीम स्थान सुरक्षित गर्थे, जसले गर्दा अरु साथीहरु ईर्श्यावश भित्र भित्रै जलिरहेका थिए। अझ गुरुजीसँगको राम्रो सम्बन्धले गर्दा उनका अरु साथीहरु ईर्श्या र डाहले छट्पटिन थाले। उनीहरु अब प्रतिस्पर्धामा मात्र सीमित नरही अहिंसक प्रति कुदृष्टि लगाई उनलाई गुरुका दृष्टिबाट टाढा राख्ने षडयन्त्र रच्न थाले।

बिस्तारै बिस्तारै अहिंसक बारे गुरुजीको समक्ष कानेखुसी चल्न थाल्यो। गुरुजीले भने त्यसमा वास्तै गर्नुभएन। तैपनि अहिंसकप्रति जलन र दुश्मनीले गर्दा एकपछि अर्को चुक्ली गुरुजी समक्ष आइरहन्थे। तर गुरुजीको उपेक्षा



Downloaded from http://www.dhamma.digital

नीतिमा बदलाव आएन। अहिंसकको कमजोरी र गल्ती फेला पार्न उनीहरुले सक्दो प्रयास गरे। तर सफल हुन सकेनन्। एक दिन गुरुजीलाई केही दिनको लागि बाहिर जाने काम आइपऱ्यो।उहाँले आफू जानुअघि अहिंसकलाई बोलाई घरको कामकाज देखभालगर्ने अभिभारा दिनुभयो। घरमा गुरुजीकी श्रीमती सिवाय अरु कोही थिएनन्। जब गुरुजी आफ्नो काममा बाहिर जानुभयो, तब अहिंसकका प्रतिद्वन्दीहरुले षडयन्त्र बारे परस्पर चर्चा गर्न शुरु गरे। उनीहरु मध्येको एकले सुझाव राख्यो कि अब यही राम्रो मौका हो। जब गुरुजी फर्केर आउनु हुन्छ, तब हामी सबै एकमत भई अहिंसक र गुरुजीकी पत्नीबीच नराम्रो सम्बन्ध छ भनेर उहाँको कान फुकौं। यस कुरामा सबैको सहमति भयो।

गुरुजी यात्राबाट फर्केपछि अहिंसकका दुश्मनहरुले जसरी सोचेका थिए, त्यस्तै गरे। यसपालि शत्रुहरुका कुरामा गुरुजीलाई विश्वास भयो। फलस्वरुप अहिंसक प्रति जुन प्रेम र आदर थियो, त्यो सबै लोप हुन गयो।गुरुजी यस्तो रिसाउनु भयो कि उनीहरुको कुरामा कतिसम्म सत्यता र सही छ छैन, त्यो पनि विचार गर्न सक्नु भएन। उल्टो उहाँ यो निष्कर्षमा पुग्नु भयो कि अहिंसक साँच्चै नै विश्वासघाटी हो,उसलाई त मारिदिनुनै उचित हुन्छ।

गुरुजीले एकछिन अहिंसकलाई आफू कहाँ बोलाएर भन्नुभयो- अहिंसक, तिमीले धेरै शिक्षा हासिल गऱ्यौ। मैले जति जानेको छु, त्यो सबै विद्या तिमीलाई पढाइसकेको छु। अब तिमी घर जान सक्छौं। हो, तिमीलाई एउटा कुरा भन्न चाहन्छु। मेरो आशीर्वाद प्राप्त गर्नको लागि तिमीले



Downloaded from http://www.dhamma.digital

मलाई गुरुदक्षिणा दिनुपर्छ । अरु केही चीजको मलाई आवश्यकता छैन ।केवल मानिसहरुको हजारवटा चोरऔंला काटेर औंलाहरुको माला बनाई गुरुदक्षिणा दिनु । बस्, यति मात्र म तिमीबाट गुरुदक्षिणाको भीख माग्छु । अब भयो के ? गुरुजीको विद्वत्ता र शिक्षकको महत्त्व माटोमा मिल्यो । यता अहिंसक विद्वान् र शिक्षित भएर पनि अन्ध गूरुभक्तिले उनलाई पनि कुपथमा धकेलिदियो । अहिंसक धनुष र तलवार चलाउन दक्ष थिए । गुरुभक्तिमा अन्धश्रद्धा भएका अहिंसकले धनुष र तलवार काँधमा राखी गुरुको आज्ञा शिरोपर गरी गुरुदक्षिणार्थ शहरबाट टाढा प्रसिद्ध व्यापारिक मार्गमा गई बसे । यसरी त्यहाँ लुकी लुकी उनले उक्त मार्गमा आउने यात्रीहरुलाई समात्दै औंलालाई काटेर लिनथाले । हजारऔंला जम्मा पार्ने निधो गरेर नरहत्या गर्दै रहे । अब अहिंसक मानव संहार गरेर हिंसक दानव बने । अन्तमा बुद्धको समपर्क भए पछि अंगुलीमाल बोध भए र हृदय परिवर्तन भएर जीवन मुक्त भए ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

## लेखकया प्रकाशित नेपालभाषाया मेगु सफूत

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त)
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग-१)
७. भिक्षुया पत्र (भाग-२)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग-१)
१४. बौद्ध ध्यान (भाग-२)
१५. बाखं (भाग-१)
१६. बाखं (भाग-२)
१७. बाखं (भाग-३)
१८. बाखं (भाग-४)
१९. बाखं (भाग-५)
२०. बाखं (भाग-६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग-१)
२४. बाखँया फल (भाग-२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्त्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग-१)
३२. चरित्र पुचः (भाग-२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग-१)
३५. पालि प्रवेश (भाग-२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग-१)
३८. सर्वज्ञ (भाग-२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग-१)
४१. शिक्षा (भाग-२)
४२. शिक्षा (भाग-३)
४३. शक्षा (भाग-४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा



Downloaded from http://www.dhamma.digital

४९. ज्ञान मार्ग (भाग-१)

५०. ज्ञान मार्ग (भाग-२)

५१. बौद्ध नैतिक शिक्षा (दो.सं.)

५२. भिंगु बन्धन

५३. मनू म्हसिइकेगु गय् ?

५४. संस्कृति

५५. बुद्धया करुणा व ब्रह्मदण्ड

५६. धर्मया ज्ञान

५७. कर्म व कर्मफल

५८. अमृत दान

५९. मंगल

६०. बुद्ध योग्यम्ह गुरु खः

## लेखकका छापिसकेका अन्य पुस्तकहरू

१. नेपाल चीन मैत्री

२. बौद्ध दर्शन

३. बुद्ध र व्यवहारिक धर्म

४. पञ्चशील

५. शान्ति

६. नारी हृदय

७. पेकिङ्ग स्वास्थ्य सेवा

८. बौद्ध संस्कार (दो. सं.)

९. बौद्ध जगतमा स्वास्थ्य सेवा (दु.सं.)

१०. निरोगी

११. बुद्धको विचारधारा

१२. मैले बुझेको बुद्धधर्म

१३. बौद्ध नैतिक शिक्षा (भाग १)

१४. बौद्ध ज्ञान

१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय"

१६. धर्म चिन्तन

१७. बौद्ध ध्यान (विपस्यना ध्यान)

१८. सम्यक शिक्षा (भाग-१)

१९. आर्यसंस्कृति

२०. आर्यशील र आर्य मार्ग

२१. सम्यक शिक्षा (भाग-२)

२२. सम्यक शिक्षा (भाग-३)

२३. निन्दाबाट बच्ने कोही छैन

२४ बुद्धकालीन प्रजातन्त्र र समाजवाद

२५. नारीहरुमा पनि बुद्धि छ

२६. बुद्धकालिन संस्कृति

२७. बुद्धकालिन संस्कृति र परिस्थिति

२८. पहिलो गुरु को हुन् ?

२९. बुद्धको संस्कृति र महत्त्व

३०. क्षान्ति र मैत्री(अनु.वीर्यवती)



Downloaded from http://www.dhamma.digital

३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु.भिक्षु संघरक्षित )
३४. भिक्षु जीवन (अनु.भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु .भिक्षु संघरक्षित)
३६. २१औं शताब्दिमा बुद्धको शिक्षा किन?
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८. धर्म जीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. नक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४४. व्यवहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षित)
४५. अमूल्य धन (अनु. भिक्षु संघरक्षित )
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (प्रथम भाग)
४९. धर्मप्रचार
५०. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (दोस्रो भाग)
५१. बुद्धधर्म र संस्कृति
५२. असल शिक्षा-१
५३. बुद्ध र संस्कृति
५४. असल शिक्षा
५५. धर्म र आचरण
५६. धर्म र ज्ञानको शिक्षा
५७. धर्म उपदेश
५८. असल शिक्षा-२
५८. असल शिक्षा-३
तपाईको हातमा



Downloaded from http://www.dhamma.digital

सबै प्राणी आहारमा निर्भर छन् । खाना खाएर मात्र बाँचिरहन सकेका छन् यिनीहरु । अन्न दान दिनु भनेको नै आयु, वर्ण, सुख, बल र प्रज्ञा दान दिएको जस्तै हुनेछ ।

बस्त्र दानले रुपवर्ण दान दिएको हुनेछ । मानिसहरुलाई बस्त्र नभई हुँदैन । बस्त्र नलगाइकन मानिसको रुप राम्रो देखिदैन । खोला छेउमा रहेको पाटीपौवामा रहेका अशरण बृद्ध-बृद्धाहरुलाई समेत दान दिने चलन छ । यो धर्मको कुरा हो ।

अशरण व्यक्तिहरुलाई यातायातको व्यवस्था मिलाई दान दिनू नै सुख दान दिए जस्तै हुनेछ । जुत्ता, छाता आदि दान दिंदा यातायातको लागि सुविधा मिल्ने हुँदा यो पनि एक प्रकारको सुख दान नै ठहरिन्छ ।

शहरका गल्लीहरुमा अँध्यारा ठाउँहरुमा घरको झ्याल बाहिर बाटोमा हिड्ने मानिसहरुलाई सुविधा हुने गरी बत्ति बालि दिएको खण्डमा आँखा दान दिएको जस्तै हुनेछ । आँखा कमजोर भएका बूढाबूढी र गरीब व्यक्तिहरुलाई चस्मा दान दिनसके आँखा दान दिए जस्तै हुनेछ ।

बासस्थानको प्रबन्ध मिलाई बासस्थान दिन सकेमा सबैठोक दान दिए जस्तै हुनेछ । पहिले पहिलेदेखि धर्मात्मा धनी व्यक्तिहरुले बाटाका छेउछाउमा पाटीपौवा आदि बटुवा र गरीब व्यक्तिहरुलाई ठूलो उपकार गर्ने चलन रहँदै आएको छ । ती पाटीपौवाहरु (कुनै त जीर्ण अवस्थामा) अहिलेसम्म पनि देखिन्छ ।

अमृतदान भन्नुको अर्थ अज्ञानी मानिसहरुलाई ठीक तरिकाको शिक्षा दिनु हो ।

Downloaded from http://www.dhamma.digital




# भिक्षु अश्वघोष

(संक्षिप्त जीवनी)

जन्म मिति : १८ मई १९२६
ललितपुर वकुबहाल

पिताको नाम : चन्द्रज्योति शाक्य

माताको नाम : लक्ष्मी माया शाक्य

गृहस्थीनाम : बुद्ध रत्न शाक्य

प्रव्रज्या : १६ वर्षमा कुशीनगरमा सन १९४४

उपाध्याय गुरु : चन्द्रमणि महास्थविर, बर्मी

अभिभावक गुरु : भिक्षु अमृतानन्द महास्थविर

उपसम्पदा : सन् १९४९, मे महिना श्रीलंकामा

गतिविधि : समाजसेवा, बौद्ध जागरण प्रवचन, बहुजनहितको शिक्षा प्रचार गाउँ गाउँमा युवा वर्गमा।
विशेषरुपमा वर्तमान जीवन सुधारेर शान्त वातावरण बनाउन। ८० भन्दा बढी पुस्तककरुका लेखक, नेवारी र नेपाली भाषामा।

प्रधान सम्पादक : धर्मकीर्ति मासिक पत्रिका

संस्थापक : संघाराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी विहार, बनेपा

धर्मानुशासक : धर्म कीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खलः र युवा बौद्ध समूह काठमाडौं

अध्ययन-बुद्धधर्म : श्रीलंकामा ८ वर्ष, भारतमा ८वर्ष

भ्रमण : श्रीलंका, म्यानमार, थाईल्याण्ड, मलेशिया, मंगोलिया, चीन, भूटान, लण्डन, रुस, जर्मन, जापान

वि.सं. २०४८ मा चीनमा संसदीय प्रतिनिधि मण्डलको सदस्य, सन् १९९५ एशियन शान्ति सम्मेलन जापानमा सहभागी, सन् १९९७ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मेलन, सन् १९९८ मा संघ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति सम्मेलन क्यानाडा, बर्मा सरकारबाट अगगमहासद्धम्म ज्योतिक धज पदवी प्राप्त।

Downloaded from http://www.dhamma.digital